# बेमौशमी तरकारी उत्पादक

# (Off Season Vegetable Producer)

## छोटो अवधिको पाठ्यक्रम

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखा**

सानोठिमी, भक्तपुर

निर्माण इ.सं २००८

प्रथम परिमार्जन इ.सं २०१५

परिमार्जन इ.सं २०२० (वि सं २०७७)

# विषय सूची


परिचयः ........ 4

लक्ष्य ........ 4

उद्धेश्यहरुः ........ 4

पाठ्यक्रम विवरण........ 4

तालीम अवधिः ........ 4

लक्षित स्थानः........ 4

प्रशिक्षार्थी संख्या........ 4

प्रशिक्षणको माध्यम ........ 5

प्रशिक्षार्थी उपस्थिति ........ 5

प्रवेशका आधारहरु ........ 5

प्रशिक्षकको न्यूनतम योग्यता........ 5

प्रशिक्षक-प्रशिक्षार्थी अनुपात........ 5

प्रशिक्षणका माध्यम र सामग्री........ 5

प्रशिक्षण सिकाई विधि ........ 5

प्रमाण-पत्र ........ 6

सीप परीक्षणको व्यवस्था ........ 6

प्रशिक्षकलाई सुझाव........ 6

बेमौशमी तरकारी उत्पादकको पाठ्य संरचना........ 7

मोड्यूल १ः बेमौशमी तरकारी खेती परिचय........ 8

मोड्युल २ः पेशागत स्वास्थ्य सुरक्षा तथा फोहर व्यवश्थापन ........ 9

मोड्डूल ३ : योजना तथा जग्गा व्यवस्थापन ........ 14

सव मोड्यूल ३. १ बेमौशमी बाली योजना........ 14

सव मोड्यूल ३.२ मलखाद तयारी तथा प्रयोग ........ 18

सव मोड्युल ३.३ः जमीनको तयारी/ व्यवस्थापन ........ 27

मोड्यूल ४ नर्सरी निर्माण तथा बिरुवा उत्पादन ........ 33

मोड्यूल ५ः तरकारी बाली व्यवस्थापन ........ 46

सव मोड्यूलः ५.१ प्लाष्टिक घर निर्माण........ 46

सव मोड्यूलः ५.२ बिउ/बिरुवा रोपाइ........ 49

सव मोड्यूल ५.३ □ बिरुवाको हेरचाह ........ 55

सव मोड्यूल ५.४  सिचाई ........ 64

सव मोड्यूल ५.५ एकीकृत रोगकिरा व्यवस्थापन ........ 71
सव मोड्यूलः ५.६ बाली टिपाई ........ 78
मोड्यूलः ६ उत्पादनोपरान्तका क्रियाकलाप ........ 87
सव मोड्यूल ६.१ स्तरीकरण गर्ने ........ 87
सवमोड्यूल ६.२ अभिलेख राख्ने ........ 93
मोड्युल ७: पेशागत संचार तथा उद्यमशिलता विकास ........ **Error! Bookmark not defined.**
सव-मोड्युल ७.१: पेशागत संचार ........ **Error! Bookmark not defined.**
सव मोड्युल ७.२: उद्यमशिलता विकास ........ **Error! Bookmark not defined.**
भौतिक संरचना तथा सुविधा ........ 97
आवश्यक स्टेशनरी र विविध सामग्रीहरु ........ 109
पाठ्यक्रम निर्माणमा संलग्न विज्ञहरु ........ 110

## परिचयः

यो दक्षतामा आधारित बेमौशमी तरकारी उत्पादक (**Off Season Vegetable Producer**) तालीम पाठ्यक्रम नवीन प्रविधिबाट बेमौशमी खेती गर्ने व्यवसायसँग सम्बन्धित छ । यसमा प्रशिक्षार्थीहरुलाई बेमौशमी तरकारी खेती गर्नका लागि आवश्यक पर्ने आधारभूत ज्ञान र सीपहरु समावेश गरिएको छ । यो तरकारी खेती वर्तमानको आवश्यकता र रुचिको विषय भएको छ । बेमौशमी तरकारी उत्पादन गर्ने सीप सिकाई कृषि पेशामा आवद्ध व्यक्तिदेखि लिएर सामान्य गृहिणी समेत आफ्नो घरायशी प्रयोजनका लागि यो प्रविधिको खोजी गर्दछन् । वर्तमानमा बेमौशमी तरकारी क्षेत्रमा देखिएको आकर्षण र बजारमा देखिएको दक्ष जनशक्तिको अभावलाई लक्षित गरी यो पाठ्यक्रम परिमार्जन गरिएको छ । यस पाठ्यक्रममा आधारित तालीम कार्यक्रमले एकातर्फ प्रशिक्षकहरुलाई पाठ्यक्रममा समावेश भएका ज्ञान र सीपलाई प्रदर्शन गरी सिकाउन र अर्को तर्फ प्रशिक्षार्थीहरुलाई प्रयोगात्मक अभ्यासमार्फत सीप सिक्न प्रचुर अवसर प्रदान गर्दछ ।

## लक्ष्य

यो पाठ्यक्रमको मुख्य लक्ष्य बेमौशमी तरकारी खेती गर्ने आधारभूत तहको दक्ष जनशक्ति तयार गर्नु रहेको छ ।

## उद्धेश्यहरुः

यो पाठ्यक्रमको उद्देश्यहरु निम्नानुसार रहेका छन्;

- बेमौशमी तरकारी खेती गर्न बीउ बीजन, रासायनिक मल, बिषादि तथा औजार उपकरणहरु पहिचान, छनौट र प्रयोग गर्न ।
- जैवीक मलखाद तथा रोगकीरा नियन्त्रण गर्न जैवीक विषादी निर्माण र प्रयोग गर्न ।
- बाली योजना निर्माण, जमीनको छनौट तथा तयारी प्लाष्टिक घर तथा नर्सरी निर्माण र विभिन्न तरकारी बाली विरुवा उत्पादन तथा भण्डारण गर्न ।
- बेमौशमी तरकारी खेतीको विकास, विस्तार र प्रबर्द्धनबाट उत्पादन बढाई परनिर्भरता न्यूनीकरणमा सहयोग गर्न ।
- रोजगारी वा स्वरोजगारीका माध्यमबाट आयआर्जनमा बृद्धि गरी विपन्न परिवारको जीवनस्तरमा सुधार ल्याउने ।
- कृषि क्षेत्रमा भित्रिएका नवीनत प्रविधि अनुरुप तालीम संचालन गर्न र व्यवशायको बिस्तार गर्न ।
- सीपलाई श्रमसँग आवद्ध गर्न प्राङ्गारिक तरकारी खेतीको व्यवसायिक योजना बनाउन ।

## पाठ्यक्रम विवरण

यो पाठ्यक्रममा आधारभूत तहको बेमौशमी तरकारी उत्पादकले सम्पादन गर्ने कायमा आधारित छ । खेती गर्नका लागि आवश्यक आधारभूत ज्ञान र सीपहरु समावेश गरिएको छ । यो पाठ्यक्रममा पेशाको परिचय, पेशागत स्वास्थ्य सुरक्षा, योजना निर्माण तथा जमीनको व्यवश्थापन, नर्सरीमा बिरुवा उत्पादन, बेमौशमी तरकारी बाली व्यवस्थापन, उत्पादनोपरान्तका कियाकलाप र पेशागत सञ्चार तथा उद्यमशिलता विकास जस्ता मोड्यूलहरु समावेश गरिएको छ ।

## तालीम अवधिः

यो तालीम कार्यक्रमको समयावधि उद्योगमा आधारित अभ्यास समेत ३९० घण्टाको हुनेछ ।

## लक्षित स्थानः

- नेपाल अधिराज्यभर ।

## प्रशिक्षार्थी संख्या

- एक समूहमा अधिकतम २० जना ।

**प्रशिक्षणको माध्यम**

- नेपाली/अंग्रेजी तथा स्थानीय भाषा ।

**प्रशिक्षार्थी उपस्थिति**

- तालीम अवधिभर प्रशिक्षार्थीको उपस्थिति कम्तिमा ९०% पुगेको हुनुपर्नेछ अन्यथा प्रमाण-पत्र पाउन योग्य मानिने छैनन् ।

**प्रवेशका आधारहरु**

तलका आधार पूरा गरेका व्यक्तिहरु यस तालीममा प्रवेश पाउनेछन्

- सामान्य लेखपढ गर्न सक्ने
- १८ वर्ष पूरा भएको स्वस्थ नेपाली नागरिक

**प्रशिक्षकको न्यूनतम योग्यता**

- सम्बन्धित पेशामा कम्तिमा ५ बर्षको कार्य अनुभव भएको ।
- राम्रो संचार तथा प्रशिक्षण सीप भएको ।

**प्रशिक्षक-प्रशिक्षार्थी अनुपात**

- प्रयोगात्मक कक्षाको लागि अनुपात :- १ : १०
- सैद्धान्तिक कक्षाको लागि अनुपात :- कक्षा कोठाको अवस्था अनुसार तय गर्ने ।

**प्रशिक्षणका माध्यम र सामग्री**

प्रभावकारी प्रशिक्षण तथा प्रदर्शनका लागि आवश्यक सामग्रीहरु

- छापेका मिडियाका सामग्रीहरु (अभ्यास पुस्तिका, रुजु सूची)
- Non-Projected सामग्रीहरु (डिस्प्ले नमुनाहरु, फिल्म चार्ट, पोष्टर, बोर्ड, मार्कर)
- Project Media सामग्री (मल्टिमिडया प्रोजेक्टर, स्लाईड आदि)
- श्रव्यदृष्य सामग्री(टेप, फिल्म, स्लाइडटेप, भिडियो डिस्क आदि)
- कम्प्युटरमा आधारित प्रशिक्षण सामग्री (कम्प्युटरमा आधारित तालीम र अन्तरक्रियात्मक भिडियो)

**प्रशिक्षण सिकाई विधि**

यो तालीम कार्यक्रम प्रशिक्षण दिंदा उदाहरणयुक्त व्याख्या, प्रदर्शन, अनुकरण, निर्देशित अभ्यास, प्रयोगात्मक अभ्यास र अन्य व्यक्तिगत सिकाई हुनेछ ।

**सैद्धान्तिकः** प्रवचन, छलफल, कार्यादेश, समूह छलफल ।

**प्रयोगात्मकः** प्रदर्शन, अवलोकन, निर्देशित अभ्यास, स्व-अभ्यास ।

## प्रमाण-पत्र

यो तालीम सफलतापूर्वक सम्पन्न गर्ने प्रशिक्षार्थीहरुलाई सम्बन्धित तालिम दिने संस्थाले "**बेमौशमी तरकारी उत्पादक"** को प्रमाणपत्र प्रदान गर्नेछ ।

## सीप परीक्षणको व्यवस्था

यो तालीमको प्रमाणपत्र प्राप्त गरेका प्रशिक्षार्थीहरूले राष्ट्रिय सीप परीक्षण समितिद्वारा निर्धारण गरिएको मापदण्ड/पूर्व शर्तहरू पुरा गरेमा उक्त पेशाको सीप परीक्षण परिक्षामा सहभागी हुन सक्नेछन् ।

## प्रशिक्षकलाई सुझाव

यो पाठ्यक्रम रोजगार विहिन साक्षर युवालाई लक्षित गरी निर्माण गरिएको छ । यो पाठ्यक्रम निर्माण गर्दा निश्चित मापदण्डहरु अपनाइएका छन् :

१ तालीम पाठ्यक्रम पूर्णरुपमा अध्ययन गर्ने ।
२ सैद्धान्तिक प्रशिक्षण तथा सीप सिकाइको लागि पाठयोजना बनाउने ।
३ सीपमा आधारित सैद्धान्तिक विषयवस्तुलाई प्रभावकारी ढङ्गबाट प्रशिक्षण गर्ने, गराउने ।
४ सिकारु स्पष्ट नभइन्जेलसम्म प्रशिक्षकले सीप सम्पादन प्रदर्शन गर्ने, गराउने ।
५ सिकारुलाई सीप सम्पादन गर्नु पूर्व वैयक्तिक सुरक्षा उपकरण प्रयोग तथा औजार उपकरण सुरक्षा प्रत्याभुति सुनिश्चित गर्ने, गराउने ।
६ सिकारुलाई सम्बन्धित सीप सम्पादन गर्न निर्देशित अभ्यास गर्न लगाउने ।
७ सिकारुलाई सम्बन्धित सीप न्यून गल्ति देखिने गरी सम्पादन गर्न अवसर प्रदान गर्ने, गराउने ।
८ सिकारुलाई सम्बन्धित सीप गल्ति नगरिकन सम्पादन गर्ने अवसर प्रदान गर्ने, गराउने ।
९ सिकारुले स्वतन्त्र ढङ्गबाट जटिल सीपहरु सम्पादन गरेको सुनिश्चित गर्ने, गराउने ।
१० सिकारुले सीप सिकाइको क्रममा उत्पादन गरेको बस्तु भए त्यसको मूल्याङ्कन गर्ने, गराउने ।

## बेमौशमी तरकारी उत्पादकको पाठ्य संरचना

| मोड्यूल/सव मोड्यूल | स्वभाव | समय (घण्टा) | | |
|---|---|---|---|---|
| | | सैद्धान्तिक | व्यवाहारिक | जम्मा |
| **मोड्यूल १: बेमौशमी तरकारी खेती परिचय** | **सै** | **६** | | **६** |
| **मोड्यूल २: पेशागत स्वास्थ्य सुरक्षा** | **सै+व्या** | **३** | **८** | **११** |
| **मोड्यूल ३:** बाली योजना **तथा जमीन व्यवस्थापन** | **सै+व्या** | | | |
| सव मोड्यूल ३.१: बेमौशमी बाली योजना | सै+व्या | ३ | ९ | १२ |
| सव मोड्यूल ३.२: मलखाद तयारी तथा प्रयोग | सै+व्या | ४ | ३४ | ३८ |
| सव मोड्यूल ३.३: जमीनको तयारी/ व्यवस्थापन | सै+व्या | ३ | २४ | २७ |
| **मोड्यूल ४: नर्सरी निर्माण तथा बिरुवा उत्पादन** | **सै+व्या** | **७** | **५९** | **६६** |
| **मोड्यूल ५: तरकारी बाली व्यवस्थापन** | **सै+व्या** | | | |
| सव मोड्यूल ५.१: प्लाष्टिक घर निर्माण | सै+व्या | ३ | १४ | १७ |
| सव मोड्यूल ५.२: बिउ/बिरुवा रोपाइ | सै+व्या | ५ | १७ | २२ |
| सव मोड्यूल ५.३: बिरुवाको हेरचाह | सै+व्या | ५ | २२ | २७ |
| सव मोड्यूल ५.४: सिंचाई | सै+व्या | ४ | १३ | १७ |
| सव मोड्यूल ५.५: एकीकृत रोगकिरा व्यवस्थापन | सै+व्या | ६ | ३० | ३६ |
| सव मोड्यूल ५.६: बाली टिपाई | सै+व्या | ४ | २० | २४ |
| **मोड्यूल ६: उत्पादनोपरान्तका कियाकलाप** | सै+व्या | | | |
| सव मोड्यूल ६.१ सरसफाई तथा प्याकिङ्ग | सै+व्या | ५ | १० | १५ |
| सव मोड्यूल ६.२ अभिलेख | सै+व्या | ३ | ९ | १२ |
| **मोड्यूल ७: पेशागत सञ्चार तथा उद्यमशीलता विकास** | सै+व्या | **२७** | **३३** | **६०** |
| **सव मोड्यूल ७.१ पेशागत सञ्चार** | **सै+व्या** | ६ | १४ | २० |
| **सव मोड्यूल ७.२: उद्यमशीलता विकास** | **सै+व्या** | १८ | २२ | ४० |
| **कुल जम्मा** | | **८५** | **३०५** | **३९०** |

# मोड्यूल १: बेमौशमी तरकारी खेती परिचय

| बेमौशमी तरकारी खेती |
| --- |
| *समय : ६ घण्टा (सै)* |

**वर्णन :**
यसमा बेमौशमी तरकारी बाली उत्पादनसँग परिचित हुन सोको परिचय प्रकार, हावापानी, प्रविधि, बाली संरक्षण, भण्डारण लगायतका परिचयात्मक विषयहरु समावेश गरिएका छन् ।

**उद्देश्यहरु :**
यस मोड्यूलको अध्ययनपछि प्रशिक्षार्थीहरु निम्न कार्यमा सक्षम हुनेछन् ।

- बेमौशमी तरकारी बालीसँग परिचित हुन ।

**पाठ्यांश**

१ बेमौशमी तरकारीको परिभाषा
२ बेमौशमी तरकारीका प्रकार
- चिसो हावापानी चाहिने तरकारीहरु
- न्यानो हावापानी चाहिने तरकारीहरु
- गर्मी हावापानी चाहिने तरकारीहरु

३ बेमौशमी तरकारीको उपयोगिता तथा महत्व
४ बेमौशमी तरकारीको उत्पादन प्रबिधि
५ खाद्यतत्व व्यवस्थापन
६ बाली संरक्षण
७ बेमौशमी तरकारीको भण्डारण र बजारीकरण

## मोड्युल २: पेशागत स्वास्थ्य सुरक्षा तथा फोहर व्यवश्थापन

समय : ३ घण्टा (सै) + ८ घण्टा (व्या) = ११ घण्टा

**वर्णन:**

यस मोड्यूलमा बेमौशमी तरकारी उत्पादक पेशामा अपनाउनु पर्ने व्यक्तिगत तथा कार्यशालाको सरसफाई तथा सुरक्षा, औजार, उपकरण र सामाग्रीहरुको सरसफाई एवं फोहर व्यवश्थापन र प्राथमिक उपचारसँग सम्बन्धित ज्ञान र सीपहरू समावेश गरिएका छन् ।

**उद्येश्यहरु:**

यस मोड्यूलको अध्ययनपछि प्रशिक्षार्थीहरु निम्न कार्यमा सक्षम हुनेछन् ।

- व्यक्तिगत, कार्यस्थल र औजार उपकरणको सरसफाई गर्न ।
- प्राथमिक उपचार गर्न ।

**कार्यहरू::**

१ व्यक्तिगत सुरक्षा अपनाउने ।
२ कार्यस्थलको सरसफाई तथा फोहरको व्यवस्थापन गर्ने ।
३ औजार, उपकरणको पहिचान, र सरसफाइ गर्ने ।
४ प्राथमिक उपचारको व्यवस्था गर्ने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : १.५ घण्टा
कुल समय : २ घण्टा

**निर्दिष्ट कार्य १: व्यक्तिगत सुरक्षा अपनाउने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १. निर्देशन प्राप्त गर्ने ।<br>२. आवश्यक औजार उपकरण र सामाग्री संकलन गर्ने ।<br>३. फर्ममा काम पञ्जा, मास्क, चस्मा प्रयोग गर्ने ।<br>४. काट्न सक्ने औजार वा किराबाट बच्न सेफ्टी सुजको प्रयोग गर्ने ।<br>५. एप्रोन वा सेफ्टी ज्याकेट प्रयोग गर्ने ।<br>६. कार्यसम्पादनको अभिलेख राख्ने । | **दिइएको अवस्था(Given):**<br>कार्यस्थल, व्यक्तिगत सुरक्षाको लागि चाहिने औजार उपकरणहरु ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>व्यक्तिगत सुरक्षा अपनाउने ।<br><br>**मापदण्ड (Standard):**<br>• मास्कमास्क, ग्लोव सेफ्टी सुज र एप्रोन उचित ढङ्गले प्रयोग गरिएको ।<br>• औजार उपकरणहरु उचित स्थानमा राखिएको ।<br>• कार्यसम्पादन अभिलेख राखिएको । | **व्यक्तिगत सुरक्षा**<br>• परिचय<br>• स्वास्थ्यलाई असर गर्ने केमिकल परिचय<br>• सुरक्षा उपकरण परिचय र प्रयोग गर्ने विधि<br>• कार्यसम्पादन अभिलेख राख्ने बिधि । |

**औजार, उपकरण र सामाग्रीहरु :**

- मास्क, ग्लोव (पञ्जा), सेफ्टी सुज, एप्रोन वा सेफ्टी ज्याकेट, आइग्लास, एयर प्लग ।

**सुरक्षा तथा सावधानीः**

- व्यक्तिगत सरसफाइ कायम राख्ने ।
- केमिकल, आगो र ग्यासको प्रयोग गर्दा जल्नबाट बच्ने ।
- असुरक्षाका कारकहरु जस्तैः कस्सिएको, लामो बाहुला भएको वा कस्सिएको कमिज, प्याण्ट नलगाउने र कपाल छोटो पार्ने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : २.५ घण्टा
कुल समय : ३ घण्टा

**निर्दिष्ट कार्य नं २. कार्यस्थल/फर्मको फोहर व्यवशथापन गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ औजार उपकरण सामाग्री संकलन गर्ने ।<br>२ फर्म तथा खेतबारीमा भएका फोहरलाई संकलन गर्ने ।<br>३ प्रकृति अनुसार सड्ने र नसड्ने ( फलाम, सिसा, प्लास्टिक-नसड्ने) फोहरमा छुट्टाउने ।<br>४ सड्ने फोहरलाई वाष्ट डिकम्पोजरमा मसिनो गरी काटी कम्पोष्ट बनाउने भाँडोमा राख्ने ।<br>५ नसड्ने फोहरलाई फेरी २ भागमा बनाउने ।<br>६ रिसाइकल हुने र नहुने ।<br>७ रिसाइकल हुने फोहर बिक्रीको लागि तयार गर्ने ।<br>८ रिसाइकल नहुने फोहर डिस्पोजको निम्ति इन्सिनेटर व्यवस्थापनको लागि स्थानीय, प्रदेश र संघिय सरकारसँगको सहकार्य गर्ने । | **दिइएको अवस्था(Given):**<br>● आवश्यक औजार,उपकरण सहितको तालिम कक्ष<br><br>**निर्दिष्ट कार्य (Task):**<br>कार्यस्थल/फर्मको फोहर व्यवशथापन गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>● प्रकृति अनुसार सड्ने र नसड्ने (फलाम, सिसा,प्लास्टिक) सड्ने फोहरमा छुट्टयाइएको । | **फोहर व्यवशथापन**<br>● फोहरको परिभाषा<br>● फोहर व्यवस्थापनका उपायहरु,<br>● रासायनिक बिषादि प्रतिबन्ध<br>● प्लास्टिक नहुने कारणहरु<br>● डम्पिङ्ग साइड परिचय<br>● फोहर व्यवस्थापन<br>● रिसाइकल बिधि |

**आवश्यक औजार/उपकरण र सामाग्रीः**

**सुरक्षा सावधानी**

- व्यक्तिगत सुरक्षा उपकरण प्रयोग गर्नुपर्ने ।
- भाँडाकुँडा तथा उपकरण सफा गरेर सुरक्षित ठाउँमा राख्ने ।

## कार्य विश्लेषण

सैद्धान्तिकः १ घण्टा

व्यवहारिकः २ घण्टा

जम्मा समयः ३ घण्टा

**निर्दिष्ट कार्य नं ३ः औजार, उपकरणको पहिचान र सरसफाई गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ निर्देशन प्राप्त गर्ने ।<br>२ आवश्यक औजार उपकरण र सामाग्री संकलन गर्ने ।<br>३ औजार, उपकरणको छनोट र प्रयोग सुरक्षित तरिकाले गर्ने ।<br>४ काट्ने तथा खन्ने औजारलाई धार लगाई सुरक्षित स्थानमा राख्ने ।<br>५ औजार उपकरणहरुलाई प्रयोग गर्नु अगाडि सधैं काम गर्ने अवस्थामा छ छैन चेक गर्ने ।<br>६ कामका लागि सम्बन्धित औजार छनौट गर्ने ।<br>७ प्रशिक्षकले औजारको प्रयोग गरी देखाउने र प्रशिक्षार्थीले निर्देशन अनुसार औजारको प्रयोग गर्ने ।<br>८ औजार उपकरणहरु प्रयोग पछि सफाई गर्ने र टुल बक्समा राखी सुरक्षित भण्डारण गर्ने ।<br>९ कार्यसम्पादनको अभिलेख राख्ने । | **दिइएको अवस्था(Given):**<br>• औजार र उपकरणहरु सहितको कार्यस्थल<br><br>**निर्दिष्ट कार्य (Task):**<br>• औजार, उपकरणको पहिचान, र सरसफाई गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>• कैंची वा काट्ने औजारमा धार लगाइएको ।<br>• उपकरणहरुको नियमित सफाई गरिएको ।<br>• सुरक्षिततरिकाले औजार उपकरणहरु प्रयोग गरेको । | **औजार, उपकरण**<br>• औजार/उपकरणहरुको परिचय<br>• औजार सफाई गर्न प्रयोग हुने पदार्थहरुको परिचय<br>• औजारलाई व्यवस्थापन बिधि<br>• PPE परिचय । |

**औजार, उपकरण र सरसफाईका सामाग्रीहरुः**

- मोयस्चर मिटर, पि. एच. मिटर, एन. पि. के. किटबक्स, माइक्रोस्कोप, बिकर, कुटो, कोदालो, फरुवा, लिटमस पेपर, कैंचि, ग्लासरड, पाइप, ह्यामर, टेप,थाल/प्लेट, रस्सी, हलो, मिक्सचर मेसिन, आरा, खल, पञ्जा, एप्रोन तथा मास्क ।

**सुरक्षा तथा सावधानीः**

- PPE (पञ्जा, एप्रोन तथा मास्क, टोपी,बुट) प्रयोग गर्ने ।
- सफाई गर्न प्रयोग हुने उपकरण तथा केमिकलको उपयोग तथा सुरक्षित व्यवस्थापन गर्ने ।

सैद्धान्तिक: १ घण्टा
व्यवहारिक: २ घण्टा
जम्मा समय: ३ घण्टा

## कार्य विश्लेषण

**निर्दिष्ट कार्य नं. ४: प्राथमिक उपचार गर्ने ।**

| **कार्य चरणहरु (Steps)** | **प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
|---|---|---|
| १ निर्देशन प्राप्त गर्ने ।<br>२ First aid box संकलन गर्ने ।<br>३ कार्यशालामा कार्य गर्दा सामान्य घाउ चोटपटक लागेमा आवश्यक पर्ने डेटोल र कपास,बेटाडिन, स्प्रिट, कटन, कपडा, टेप, ब्यान्डेज तथा औषधिको व्यवस्था गर्ने ।<br>४ ती सामाग्रीहरु First aid box मा अनिवार्य राखी व्यवस्थित रुपमा कार्यस्थलमा सुरक्षित राख्ने ।<br>५ टाउको दुख्दा वा सामान्य ज्वरो आउँदाप्रयोग हुने औषधी डाक्टरको सल्लाह लिई सुरक्षित स्थानमा राख्ने र आवश्यक पर्दा खान दिने ।<br>६ स्ट्रेचरको प्रयोग गर्ने ।<br>७ पोलेको र चोटपटक लागेको घाउ सफा गरी प्राथमिक उपचार गर्ने ।<br>८ बेहोसी तथा मुर्छा पर्दा प्राथमिक उपचार गर्ने ।<br>९ सर्प वा मूसाले टोक्दा प्राथमिक उपचार गर्ने ।<br>१० कार्यसम्पादनको अभिलेख राख्ने । | **दिइएको अवस्था(Given):**<br>• First aid box सहितको कार्यस्थल<br><br>**निर्दिष्ट कार्य (Task):**<br>प्राथमिक उपचार गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>• First aid box वा सामान्य रोग अनुसारको औषधीको व्यवस्था गरिएको ।<br>• कार्यसम्पादन अभिलेख राखिएको । | **प्राथमिक उपचार First aid**<br>• परिभाषा,<br>• आवश्यकता<br>• प्राथमिक उपचार बिधि |

**औजार, उपकरण र सामाग्रीहरु:**
First aid box, strecher

**सुरक्षा तथा सावधानी:**

- मास्क,सेफ्टी सुज र पन्जा प्रयोग गर्ने ।
- First aid boxप्रयोग पछि सुरक्षित स्थानमा राख्ने ।

# मोड्डूल ३ : योजना तथा जग्गा ब्यवस्थापन

## सव मोड्यूल ३. १ बेमौशमी बाली योजना

| समय : ३ घण्टा (सै) + ९ घण्टा (व्या) = १२ घण्टा |
|---|
| **वर्णन:**<br>यस मोड्यूलमा बेमौशमी तरकारी बाली योजना निर्माणसँग सम्बन्धित ज्ञान र सीपहरू समावेश गरिएका छन् ।<br>**उद्येश्यहरू:**<br>यस मोड्यूलको अध्ययनपछि प्रशिक्षार्थीहरु निम्न कार्यमा सक्षम हुनेछन् ।<br><br>१ बेमौशमी तरकारी बाली योजना निर्माण गर्न ।<br>**कार्यहरू:**<br>१ बाली पात्रो बनाउने ।<br>२ बाली क्रियाकलाप पात्रो बनाउने ।<br>३ उत्पादनको बजारीकरण योजना बनाउने । |

**कार्य विश्लेषण (Task Analysis)**

सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ३ घण्टा
कूल समय : ४ घण्टा

कार्य (Task): १ **बाली पात्रो बनाउने ।**

| **कार्य चरणहरु (Steps)** | **प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने ।<br>२ आवश्यक औजार सामाग्री उपकरणहरु संकलन गर्ने ।<br>३ आफ्नो जमीनको भू बनोट चित्र तयार गर्ने ।<br>४ घरयासी तथा बजार प्रयोजनका खेती गरिने वालीहरुको पहिचान गर्ने ।<br>५ दोश्रो पक्षबाट सूचना संकलन गर्ने ।<br>६ बाह्य सामग्रीको निर्भरता कम गरी आफूसंग भएका उत्पादन श्रोत (विउ, मल, श्रम) को लेखाजोखा गर्ने।<br>७ पुर्व वालीको आधारमा हाल लगाउन सकिने वालीको सुचि तयार गर्ने ।<br>८ हाल लगाउन सकिने र भावी वाली बीचको अन्तरसम्बन्ध सहितको वाली चक्र तयार गर्ने ।<br>९ एक बर्षे, दुई बर्षे तथा बहु बर्षे बिरुवाको योजना तयार गर्ने ।<br>१० प्राविधिक सेवा तथा सामग्रीहरु उपलब्धता र बजारको मागको आधारमा उत्पादन परिमाण निर्धारण गर्ने ।<br>११ माथि उल्लेखित बिबरणहरु सूचिकृत गरि बालि पात्रो तयार गर्ने । | **दिइएको अवस्था(Given):**<br>आवश्यक सामग्री तथा औजार उपकरण सहितको कार्यस्थल/तालीम हल ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>बाली पात्रो बनाउने ।<br><br>**मापदण्ड(Standard):**<br>● बर्षभरि खेती गरिने सम्पुर्ण बालीको बिबरणहरु समाबेश भएको ।<br>● प्रशिक्षर्थीहरुले वाली पात्रो बनाएको ।<br>● योजना कार्यन्वयन गर्न आफुसंग भएको श्रोत र साधनको आंकलन गरिएको ।<br>● बाली पात्रोमा रुपान्तरण वा पूर्ण प्राज्ञारिक खुलाइएको । | **बाली पात्रो**<br>• परिचय<br>• महत्व तथा उपयोगिता<br>• बाली पात्रोमा समाबेश गरिने विवरणहरु<br>• उत्पादन श्रोत (विउ, मलखाद, श्रम) को लेखाजोखा गर्ने बिधि |

**औजार उपकरण र सामाग्रीः**
कापी/डायरी, कलम, क्याल्कुलेटर, मार्कर, चार्टपेपर, स्केल, सेतो वोर्ड, पात्रो
**सुरक्षा तथा सावधानीः**

- प्राविधिक सेवा तथा सामग्रीहरु उपलब्धताको आधारमा शुरुमा सानो स्तरमा कार्य गर्ने ।
- बाली पात्रोमा ब्यक्तिगत सुरक्षा सावधानीका उपायहरु उल्लेख गर्ने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ३ घण्टा
कूल समय : ४ घण्टा

**कार्य (Task) : २ बाली क्रियाकलाप पात्रो बनाउने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने ।<br>२ आवश्यक औजार सामाग्री उपकरणहरु संकलन गर्ने ।<br>३ बाली अनुसार भू बनोट चित्रको आधारमा मध्यवर्ती क्षेत्र तय गर्ने ।<br>४ भू बनोट चित्रको आधारमा प्राकृतिक श्रोतको पहिचान गरी छनौट गर्ने ।<br>५ जमीन, मौसम अनुसारको वाली र विउ छनौट गर्ने ।<br>६ प्राबिधिक सेवा लिने निकायको सुचि तयार गर्ने ।<br>७ वाली लगाउने, हेरचाह तिथि मिति तय गर्ने<br>८ रोग कीरा लाग्दा प्रयोग गरिने प्राङ्गारिक बिषादि र समय तय गर्ने ।<br>९ वाली संरक्षणमा लागि उपयोगी प्रजाति छनौट गर्ने<br>१० पशु तथा बिरुवाजन्य उत्पादनको पुन प्रयोगका बिधि तय गर्ने ।<br>११ माथि उल्लेखित बिबरणहरु सूचिकृत गरी छनौट गरिएका प्रत्येक बालीको बाली क्रियाकलाप पात्रो तयार गर्ने । | **दिइएको अवस्था(Given):**<br>आवश्यक सामग्री तथा औजार उपकरण सहितको कार्यस्थल/तालीम हल ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>बाली क्रियाकलाप पात्रो बनाउने ।<br><br>**मापदण्ड(Standard)**<br>• छनोट गरिएका प्रत्येक बालीको बाली **क्रियाकलाप पात्रो** तयार भएको ।<br>• सरल तथा बोध गम्य **बाली क्रियाकलाप पात्रो** तयार भएको<br>• उत्पादन प्रणालीको प्रारूप उल्लेख गरिएको ।<br>• सेवा प्रदायकको जानकारी उल्लेख गरिएको | **बाली क्रियाकलाप पात्रो**<br>• परिचय<br>• महत्व तथा उपयोगिता<br>• बाली क्रियाकलाप पात्रोमा समावेश गरिने बिबरणहरु<br>• अभिलेख र यसको महत्वको बारेमा ज्ञान<br>• उत्पादन अनुमान |

**औजार उपकरण र सामाग्री**
कापी/डायरी, कलम, क्याल्कुलेटर, मार्कर, चार्टपेपर, स्केल
**सुरक्षा तथा सावधानी:**

- बाली पात्रोमा व्यक्तिगत सुरक्षा सावधानीका उपायहरु उल्लेख गर्ने ।
- जिभाष्मा नष्ट हुन नदिन पुर्व बालीको अवशेष पोल्न नहुने ।
- सतर्कता तथा बिषाक्तता सम्बन्धि सम्बेदशीलता जानकारी गराउने

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ३ घण्टा
कूल समय : ४ घण्टा

कार्य (Task): **३ उत्पादनको बजारीकरण योजना बनाउने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने ।<br>२ आवश्यक औजार सामाग्री उपकरणहरु संकलन गर्ने ।<br>३ बजारको माग तथा आपूर्ति अनुसार उत्पादित सामग्रीको सूचि तयार गर्ने ।<br>४ खरिदकर्ता, थोक तथा खुद्रा बिक्रेताको सुची तयार गर्ने ।<br>५ कोल्ड स्टोर र ढुवानी साधनको बिबरण तयार गर्ने ।<br>६ प्याकिङ्ग सामग्रीको सुचि तयार गर्ने ।<br>७ उत्पादित सामग्रीको ग्रेडिङ्ग, सर्टिङ, प्याकिङ्ग र लेभलिङ्ग गर्ने कार्य उल्लेख गर्ने ।<br>८ उत्पादन, उपभोग र बिक्रिको विवरण तयार गर्ने ।<br>९ माथि उल्लेखित बिबरणहरु सूचिकृत गरी बजारीकरण योजना तयार गर्ने । | **दिइएको अवस्था(Given):**<br>आवश्यक सामग्री तथा औजार उपकरण सहितको कार्यस्थल ⁄ तालीम हल ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>उत्पादनको **बजारीकरण** योजना बनाउने ।<br><br>**मापदण्ड(Standard):**<br>• क्रियाकलापका चरणहरु समाबेश गरी बजारीकरण योजना तयार गरिएको ।<br>• योजनामा उत्पादन, उपभोग र बिक्रिको बिबरण समाबेश गरिएको । | **बजारीकरण योजना**<br>• परिचय<br>• महत्व तथा उपयोगिता<br>• बजारीकरण योजनामा समाबेश गरिने बिबरणहरु<br>• प्याकिङ्ग सामग्रीहरु |

**औजार उपकरण र सामाग्री**
कापी ⁄ डायरी, कलम, क्याल्कुलेटर, मार्कर, चार्टपेपर, स्केल
**सुरक्षा तथा सावधानीः**

- व्यक्तिगत सुरक्षा सावधानीका उपायहरु उल्लेख गर्ने ।
- उत्पादित सामग्रीमा चोटपटक लग्न नदिन होशियारी अपनाउने ।

## सव मोड्यूल ३.२ मलखाद तयारी तथा प्रयोग

समय : ४ घण्टा (सै) + ३४ घण्टा (व्या) = ३८ घण्टा

**वर्णन:**

यस मोड्यूलमा बेमौशमी तरकारी बालीका लागि माटोको स्वास्थ्य सुधारका लागि मलखाद तयारी तथा प्रयोगसंग सम्बन्धित ज्ञान र सीपहरू समावेश गरिएका छन् ।

**उद्धेश्यहरू:**

यस मोड्यूलको अध्ययनपछि प्रशिक्षार्थीहरु निम्न कार्यमा सक्षम हुनेछन् ।

१ माटोको स्वास्थ्य सुधारका लागि मलखाद तयारी तथा प्रयोग गर्न ।

**कार्यहरू:**

१ कम्पोष्ट मल तयार गर्ने ।
२ गोठे मल सुधार गर्ने ।
३ झोल मल तयार गर्ने ।
४ कम्पोष्ट /गोबर मल प्रयोग गर्ने ।
५ रासायनिक मल प्रयोग गर्ने ।
६ झोल मल प्रयोग गर्ने ।
७ जैविक मल प्रयोग गर्ने ।
८ सुक्ष्म खाद्यतत्व प्रयोग गर्ने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : ५.५ घण्टा
कुल समय : ६ घण्टा

**निर्दिष्ट कार्य नं: १. कम्पोष्ट मल तयार गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ औजार उपकरण र सामाग्री संकलन गर्ने ।<br>२ कम्पोष्ट मल बनाउने उपयुक्त स्थान ( पानी नजम्ने, उच्च भाग) छनौट गर्ने ।<br>३ कम्पोष्ट मल बनाउनको लागि संकलन गरिएको हरियो तथा सुकेको स्याउला संकलन गर्ने ।<br>४ स्याउलालाई स साना टुक्रा बनाई काट्ने ।<br>५ खाडलमा मल बनाउन मल खाडल १ मी. गहिराई, १ मी चौडाई र लम्बाई (ठाउँ र आवश्यकता अनुसार) खन्ने ।<br>६ खाडलमा हरियो तथा सुकेको स्याउलाहरु, कांचो गोबर तथा गाईवस्तुको पिसाबको घोल तह तह बनाएर राखी खाडल भर्ने ।<br>७ खाडल भरिएपछि माथिबाट कालो प्लाष्टिकले छोप्ने ।<br>८ जमीन माथि थुप्रो बनाई मल बनाउने भएमा मल बनाउन तयार पारिएको सामाग्रीहरुलाई तह तह बनाई जमीनको सतहमा नै थुप्रो बनाउने ।<br>९ उक्त थुप्रोलाई ढाकिने गरी कालो प्लाष्टिकले छोप्ने ।<br>१० प्रयोगपछि औजार उपकरणहरु सफा गरी भण्डारण गर्ने । | **<u>दिइएको अवस्था(Given):</u>**<br>आवश्यक औजार, उपकरण, मल बनाउने सामाग्रीहरु सहितको कार्यस्थल<br><br>**<u>निर्दिष्ट कार्य (Task):</u>**<br>कम्पोष्ट मल तयार गर्ने ।<br><br>**<u>मापदण्ड (Standard):</u>**<br>● कम्पोष्ट मल बनाउन पानी नजम्ने उच्च स्थानको छनौट गरिएको ।<br>● संकलन गरिएको हरियो तथा सुकेको स्याउलालाई स साना टुक्रा बनाई काटेको ।<br>● मापदण्ड अनुसारको खाडल खनेको ।<br>● तह तह बनाई भरिएको स्याउलाहरुको खाडललाई माथिबाट कालो प्लाष्टिकले ढाकेको ।<br>● जमीनमाथि थुप्रो बनाई मल बनाउंदा मल बनाउन तयार पारिएको सामाग्रीहरुलाई एकनाशले तह तह बनाई थुप्रो बनाएको ।<br>● मलको थुप्रोलाई ढाकिने गरी कालो प्लाष्टिकले छोपेको । | **<u>कम्पोष्ट मल तयारी</u>**<br>● परिचय<br>● महत्व<br>● कम्पोष्ट मल बनाउने ठाउँको छनोटका आधारहरु<br>● कम्पोष्ट मल बनाउन प्रयोग गरिने जोरनको परिचय<br>● कम्पोष्ट मल बनाउने सामाग्रीहरु<br>● कम्पोष्ट मल बनाउने बिधि । |

**औजार उपकरण र सामाग्री :**
सावल, कोदालो, खन्ती, हँसिया, विभिन्न प्रकारका हरियो तथा सुकेको स्याउला, काचो गोबर तथा गाईवस्तुको पिसाब कालो प्लाष्टिक ।

**सुरक्षा र सावधानी:**

- सुरक्षा उपकरणहरु पञ्जा, गमबुट, मास्क, ह्याट लगाउने ।
- खाडल खन्दा प्रयोग गरिएका औजार उपकरणबाट होशियारी अपनाउनु पर्दछ ।

## कार्य विश्लेषण

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : ५.५ घण्टा
कुल समय : ६ घण्टा

**निर्दिष्ट कार्य नं: २ गोठे मल सुधार गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ औजार उपकरण र सामाग्री संकलन गर्ने ।<br>२ मल खाडल बनाउन गोठ नजिक, पानी नजम्ने उच्च स्थानको छनौट गर्ने ।<br>३ १ मी. गहिराई, १ मी चौडाई र ठाउँ र आवश्यकता अनुसारको लम्बाई भएको खाडल खन्ने ।<br>४ खाडलमा कांचो गोबर, सोत्तरहरु तह तह बनाई खाडल भर्ने ।<br>५ तह तहमा गाईवस्तुको पिसाब छर्कने ।<br>६ सूर्यको प्रकाश सिधै नपर्ने गरी खाडल माथिबाट छादन/ छाप्रो /छाना बनाउने ।<br>७ मल खाडल वरिपरिबाट वर्षाको भल पानी कटाउने गरी कुलेसो बनाउने ।<br>८ प्रयोगपछि औजार उपकरणहरु सफा गरी भण्डारण गर्ने । | **<u>दिइएको अवस्था(Given):</u>**<br>काचो /अर्ध पाकेको गोबरमल, सोत्तर, गाईवस्तुको पिसाब, छाना बनाउने सामाग्रीहरु (खर, पराल, छ्वाली, बासको घना, डोरी, खुर्पा आदि) राखेको कार्यशाला<br><br>**<u>निर्दिष्ट कार्य (Task):</u>**<br>गोबर मल तयार गर्ने ।<br><br>**<u>मापदण्ड (Standard):</u>**<br>• मल बनाउने खाडल पानी नजम्ने तथा भल नपस्ने ठाउ छनोट गरिएको ।<br>• खाडल १ मी. गहिराई, १ मी चौडाई र ठाउ र आवश्यकता अनुसारको लम्बाई बनाएको ।<br>• खाडलमा काचो गोबर, सोत्तरहरु तह तह बनाई जोरन राखिएको ।<br>• सूर्यको प्रकाश सिधै नपर्ने गरी खाडल माथिबाट छादन/ छाप्रो /छाना बनाएको ।<br>• मल खाडल वरिपरिबाट भल पानी कटाउने गरी कुलेसो बनाएको । | **<u>गोबर मल सुधार</u>**<br>• गुणस्तरीय गोबर मल परिचय<br>• मल उत्पादनमा गोठ व्यवस्थापनको महत्व<br>• गोबर मल तथा गोठ व्यवस्थापन बिधि<br>• राम्रोसंग पाकेको गोबर मल पहिचानका आधार<br>• गोबर मल तयार गर्ने विधि ।<br>• जोरनको परिचय |

**औजार उपकरण र सामाग्री :**
कुटो कोदालो, काचो /राम्रोसंग नपाकेको अर्ध पाकेको गोबरमल, सोत्तर, गाईवस्तुको पिसाब, छाना बनाउने सामाग्रीहरु (खर, पराल, छ्वाली, बासको घना, डोरी, खुर्पा) ।

**सुरक्षा र सावधानीः**

- सुरक्षा उपकरणहरु पञ्जा, गमबुट, मास्क, ह्याट लगाउने ।
- मल खाडल बनाउदा, छाना बनाउंदा, कुलेसो काट्दा औजार उपकरणबाट होशियारी अपनाउने ।

**कार्य विश्लेषण**

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : ५.५ घण्टा
कुल समय : ६ घण्टा

**निर्दिष्ट कार्य नं: ३ झोल मल तयार गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ औजार उपकरण र सामाग्री संकलन गर्ने ।<br>२ तितेपाती, असुरो, बनमारा, केराको सुप्लो, कोसेबालीहरुको पात तथा डाँठ संकलन गर्ने ।<br>३ संकलित विरुवाको भागहरु कलिलो भागहरुलाई स - साना (५-१० से.मी.) टुक्रा बनाउने ।<br>४ प्लाष्टिक ड्रममा कांचो गोबर, खरानी, पिना तथा टुक्रा पारिएको बिरुवाको भागहरु राख्ने ।<br>५ प्लाष्टिक ड्रममा राखिएका सामाग्रीहरु डुब्ने गरी पानी तथा गाईवस्तुको पिसाब राख्ने भर्ने ।<br>६ ड्रममा १० लिटरको झोल बनाउंदा ५० मि लि ई एम झोल २ राख्ने ।<br>७ प्लाष्टिक ड्रममा राखिएका सामाग्रीहरु राम्रोसंग मिसिने गरी चलाउने/घोल्ने ।<br>८ प्लाष्टिक ड्रमको बिर्को बन्द गरेर कम्तिमा १ महिना अध्यारो कोठामा राख्ने ।<br>९ प्रयोग भएको औजार उपकरणहरु सफा गरी भण्डारण गर्ने । | **<u>दिइएको अवस्था(Given):</u>**<br>आवश्यक औजार, उपकरण, प्लाष्टिक ड्रम, काचो गोबर, गाई वस्तुको पिसाब, पिना, खरानी, विभिन्न बिरुवाको कलिलो भाग ( जस्तैः असुरो, तितेपाती, बनमारा, केराको सुप्लो, कोसेबालीहरुको पात तथा डाँठ आदि) र पानी सहितको कार्यस्थल ।<br><br>**<u>निर्दिष्ट कार्य (Task):</u>**<br>झोल मल तयार गर्ने ।<br><br>**<u>मापदण्ड (Standard):</u>**<br>● तितेपाती, असुरो, बनमारा, केराको सुप्लो, कोसेबालीहरुको पात तथा डाँठका ५-१० से.मी.का स-साना टुक्रा बनाइएको ।<br>● प्लाष्टिक ड्रममा काचो गोबर, खरानी, पिना तथा टुक्रा पारिएको सामाग्रीहरु मिलाएर राखिएको ।<br>● प्लाष्टिक ड्रममा पानी तथा गाई वस्तुको पिसाब राखेर भरेको ।<br>● प्लाष्टिक ड्रमको बिर्को बन्द गरी कम्तिमा १ महिना अध्यारो कोठामा राखिएको । | **<u>झोलमल</u>**<br>● परिचय<br>● महत्व<br>● झोलमल बनाउदा प्रयोग गरिने सामाग्रीहरु ।<br>● झोल मल तयार गर्ने बिधि । |

**औजार उपकरण र सामाग्री :**
सावल, हँसिया, प्लाष्टिक ड्रम, काचो गोबर, गाई वस्तुको पिसाब, पिना, खरानी, विभिन्न बिरुवाको कलिलो भाग (जस्तैः असुरो, तितेपाती, बनमारा, केराको सुप्लो, कोसेबालीहरुको पात तथा डाँठ, ई एम झोल, पानीं) ।

**सुरक्षा र सावधानीः**

- सुरक्षा उपकरणहरु पञ्जा, गमबुट, मास्क, ह्याट लगाउने ।
- बिरुवाको कलिलो भाग टुक्रा बनाउदा औजार उपकरणबाट होशियार रहने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : ३.५ घण्टा
कुल समय : ४ घण्टा

**निर्दिष्ट कार्य नं: ४. कम्पोष्ट /गोबर मल प्रयोग गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ औजार उपकरण र सामाग्री संकलन गर्ने ।<br>२ पाकेको कम्पोष्ट /गोबर मल छनोट गर्ने ।<br>३ मल प्रयोग गर्ने जमीनको क्षेत्रफल एकिन गर्ने ।<br>४ जमीनको क्षेत्रफल अनुसार कम्पोष्ट /गोबर मलको सिफारिश मात्रा हिसाब गरी निकाल्ने ।<br>५ ४०० देखि ५०० के जी प्रति रोपनीका दरले मात्रा छुट्याउने ।<br>६ सिफारिश मात्राको कम्पोष्ट /गोबर मल जमीनमा राख्ने ।<br>७ गहिरोसँग जोती मल जमीनमा राम्रोसंग मिसाउने ।<br>८ प्रयोग भएको औजार उपकरणहरु सफा गरी भण्डारण गर्ने । | **दिइएको अवस्था(Given):**<br>● आवश्यक सामाग्री, औजार, उपकरण र जमीन सहितको कार्यस्थल<br><br>**निर्दिष्ट कार्य (Task):**<br>● सिफारिश मात्रामा कम्पोष्ट /गोबर मल प्रयोग गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>● पाकेको कम्पोष्ट /गोबर मल छनोट गरिएको<br>● छनोट भएको जमीनको क्षेत्रफल एकिन गरेको ।<br>● छनोट भएको जमीनको क्षेत्रफल अनुसार कम्पोष्ट /गोबर मल को सिफारिश मात्रा हिसाब गरी निकालेको ।<br>● सिफारिश मात्राको कम्पोष्ट /गोबर मल प्रयोग गरिएको । | **कम्पोष्ट /गोबर मल प्रयोग**<br>● परिचय<br>● जमीनको क्षेत्रफल मापन गर्ने बिधि<br>● राम्रोसंग पाकेको कम्पोष्ट /गोबर मल पहिचान गर्ने आधारहरु<br>● सिफारिश मात्राको कम्पोष्ट/गोबर मलको परिमाण/ हिसाब निकाल्ने तरिका<br>● कम्पोष्ट /गोबर मल प्रयोग बिधि । |

**औजार उपकरण र सामाग्री :**

कुटो कोदालो, टेप, मल जोख्ने उपकरण, पाकेको कम्पोष्ट मल, राम्रोसंग नपाकेको कम्पोष्ट मल सुरक्षा सामाग्रीहरु ।

**सुरक्षा र सावधानीः**

- मल प्रयोग गर्दा व्यक्तिगत सुरक्षा सामाग्रीहरु पञ्जा, गमबुट, मास्क, ह्याट लगाउने ।

**कार्य विश्लेषण**

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : ३.५ घण्टा
कुल समय : ४ घण्टा

**निर्दिष्ट कार्य नं: ५ रासायनिक मल प्रयोग गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ औजार उपकरण र सामाग्री संकलन गर्ने ।<br>२ रासायनिक मल प्रयोग गरिने जमीनको क्षेत्रफल एकिन गर्ने ।<br>३ जमीनमा लगाउने बालीको छनोट गर्ने ।<br>४ प्रति रोपनी १० के.जि डि.ए.पि र ६ के.जि. म्यूरेट अफ पोटास प्रयोग गर्ने ।<br>५ लगाइने बालीको लागि रासायनिक मलको सिफारिश मात्रा तथा क्षेत्रफल अनुसार आवश्यक पर्ने युरिया, डि ए पी र पोटासको परिमाण हिसाब गरी निकाल्ने ।<br>६ हिसाब गरी निकालिएको रासायनिक मल ( युरिया, डि ए पी, पोटास) मध्ये फोस्फरस र पोटास पूरै मात्रा र नाइट्रोजनको आधा मात्रा जोखेर छुट्याउने ।<br>७ जोखेर छुट्याइएको सिफारिश मात्राको रासायनिक मल बीउ/ बिरुवा रोप्नु अघि जमीनमा राम्रोसंग मिसाउने ।<br>८ प्रयोग भएको औजार उपकरणहरु सफा गरी भण्डारण गर्ने । | **दिइएको अवस्था(Given):**<br>● आवश्यक मलहरु (युरिया, डि ए पी, पोटास) खनजोत गर्ने औजार, मल जोख्ने ब्यालेन्स र जमिन सहितको कार्यशाला<br><br>**निर्दिष्ट कार्य (Task):**<br>सिफारिश मात्रामा रासायनिक मल प्रयोग गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>● छनोट भएको जमीनको क्षेत्रफल एकिन भएको ।<br>● बाली तथा क्षेत्रफल अनुसार रासायनिक मल ((युरिया, डि ए पी, पोटास) को सिफारिश मात्रा हिसाब गरी निकालिएको ।<br>● सिफारिश मात्राको रासायनिक मल (युरिया, डि ए पी, पोटास) जोखेर छुट्याइएको ।<br>● बीउ बिरुवा रोप्नु अघि राख्नु पर्ने सिफारिश मात्राको रासायनिक मल खनजोत गरी तयार गरिएको जमीनमा राम्रोसंग मिसाइएको । | **रासायनिक मल प्रयोग**<br>● परिचय<br>● जमीनको क्षेत्रफल मापन बिधि<br>● मलको मात्रा निकाल्ने हिसाब<br>● रासायनिक मल (युरिया, डि ए पी, पोटास) पहिचान र प्रयोग विधि । |

**औजार उपकरण र सामाग्री :**
कुटो कोदालो, टेप, मल जोख्ने साधन, रासायनिक मलहरु ।

**सुरक्षा र सावधानीः**

- सुरक्षा उपकरणहरु पञ्जा, गमबुट, मास्क, ह्याट लगाउने ।
- मल राम्रोसंग मिसाउन खनजोत गर्दा औजारदेखि सावधानी अपनाउने ।

**कार्य विश्लेषण**

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : ३.५ घण्टा
कुल समय : ४ घण्टा

**निर्दिष्ट कार्य नं: ६ झोल मल प्रयोग गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ औजार उपकरण र सामाग्री संकलन गर्ने ।<br>२ तयारी झोलमल नाप गरी छुट्याउने ।<br>३ झोलमल प्रयोग गर्ने बालीको उमेर र अवस्था हेरी एक भाग झोलमलमा ५- ८ भाग पानी मिसाउने ।<br>४ तयारी झोलमललाई स्प्रेयरमा राखी बोट बिरुवामा छर्ने ।<br>५ प्रयोग गरिएका औजार उपकरणहरु सफा गरेर राख्ने । | **दिइएको अवस्था(Given):**<br>झोलमल , पानी, मल छर्ने उपकरण राखिएको कार्यस्थल<br><br>**निर्दिष्ट कार्य (Task):**<br>झोल मल प्रयोग गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>• झोलमल नाप गरी छुट्याएको ।<br>• झोलमल प्रयोग गर्ने बालीको उमेर र अवस्था हेरी एक भाग झोलमलमा ५- ८ भाग पानी मिसाएको ।<br>• तयारी झोलमललाई स्प्रेयरमा राखी एकनाशले बोट बिरुवामा प्रयोग गरेको । | **झोलमल प्रयोग**<br>• परिचय<br>• महत्व<br>• झोलमलको सिफारिश मात्रा निकाल्ने बिधि<br>• झोल मल प्रयोग बिधि । |

**औजार उपकरण र सामाग्री :**
झोलमल , पानी, बाल्टीनहरु मल छर्ने उपकरण ।

**सुरक्षा र सावधानी:**

- झोलमल प्रयोग गर्दा सुरक्षा उपकरणहरु पञ्जा, गमबुट, मास्क, ह्याट लगाउने ।

**कार्य विश्लेषण**

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : ३.५ घण्टा
कुल समय : ४ घण्टा

**निर्दिष्ट कार्य नं: ७ जैविक मल प्रयोग गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ आवश्यक औजार उपकरण र सामाग्री ( मलहरु) संकलन गर्ने ।<br>२ प्रयोग गर्ने जैविक मल छनौट गर्ने ।<br>**जमीनमा प्रयोग गर्ने**<br>३ जैविक मल प्रयोग गरिने जमीनको क्षेत्रफल एकिन गर्ने ।<br>४ क्षेत्रफल अनुसार जैविक मलको मात्रा उक्त मलको प्याकेटमा लेखिएको सिफारिश मात्रा हेरी हिसाब गरेर निकाल्ने ।<br>५ हिसाब गरे बमोजिमको जैविक मलको मात्रा जोखेर छुट्याउने ।<br>६ जोखिएको परिमाणको जैविक मल मसिनो बालुवा वा माटोमा मिसाई जमीनमा एकनाशले छर्ने ।<br><br>**जैविक मल खडा बालीमा प्रयोग गर्ने**<br>७ जैविक मलको प्याकेटमा लेखिएको सिफारिश मात्राको जैविक मल र पानी मिसाई बिरुवामा छर्ने /स्प्रे गर्ने ।<br>८ प्रयोग भएका औजार उपकरणहरु सफा गरी भण्डारण गर्ने । | **दिइएको अवस्था(Given):**<br>● जैविक मल र अन्य मलको पाकेट, मल प्रयोगको लागि आवश्यक औजार, उपकरण र जमिन सहितको कार्यशाला<br><br>**निर्दिष्ट कार्य (Task):**<br>● जैविक मल प्रयोग गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>● बाली अनुसार जैविक मल छनोट गरेको ।<br>● जैविक मलको सिफारिश मात्रा हिसाब गरी निकालेको ।<br>● जैविक मल माटोमा/बिरुवामा एकनाशले प्रयोग गरेको ।<br>● मल छर्दा PPE प्रयोग गरेको । | **जैविक मल प्रयोग**<br>● परिचय<br>● महत्व<br>● जैविक मलको प्रयोग बिधि ।<br>● जैविक मल प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु |

**औजार उपकरण र सामाग्री :**
कुटो कोदालो, टेप, मल जोख्ने उपकरण, जैविक मल, अन्य मल ।

**सुरक्षा र सावधानी:**

- मल मिसाउदा सुरक्षा उपकरणहरु पञ्जा, गमबुट, मास्क, ह्याट लगाउने ।

**कार्य विश्लेषण**

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : ३.५ घण्टा
कुल समय : ४ घण्टा

**निर्दिष्ट कार्य नंः ८ सुक्ष्म खाद्यतत्व प्रयोग गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ आवश्यक औजार उपकरण र सामाग्री (सुक्ष्म खाद्यतत्वहरु) संकलन गर्ने ।<br>**बीउ बिरुवा रोप्नु अघि जमीनमा प्रयोग गर्ने**<br>२ सुक्ष्म खाद्यतत्व छनौट गर्ने ।<br>३ सुक्ष्म खाद्यतत्व प्रयोग गरिने जमीनको क्षेत्रफल एकीन गर्ने ।<br>४ सुक्ष्म खाद्यतत्वको प्याकेटमा उल्लेख भएअनुसारको मात्रा निकाल्ने ।<br>५ क्षेत्रफल अनुसार सुक्ष्म खाद्यतत्वको मात्रा (परिमाण) एकिन गरेर निकाल्ने ।<br>६ एकिन गरे बमोजिमको सुक्ष्म खाद्यतत्वको मात्रा नापेर छुट्याउने ।<br>७ सुक्ष्म खाद्यतत्व जमीनमा राखी माटोमा एकनाशले मिसाउने ।<br>**बोट बिरुवामा छर्ने**<br>८ बोट बिरुवामा कुन सुक्ष्म खाद्यतत्वको कमीको लक्षण देखिएको हो, सो को पहिचान गर्ने ।<br>९ सोही बमोजिमको सुक्ष्म खाद्यतत्व छनोट गर्ने ।<br>१० सुक्ष्म खाद्यतत्वको पाकेटमा लेखिएको सिफारिश मात्रा निकाल्ने ।<br>११ आवश्यकता बमोजिमको सुक्ष्म खाद्यतत्वको परिमाण नाप गरी छुट्याउने ।<br>१२ नाप गरी छुट्याइएको सुक्ष्म खाद्यतत्वको परिमाण सुक्ष्म खाद्यतत्वको पाकेटमा लेखिए बमोजिम प्रति लिटर पानीमा मिसाई प्रयोग / स्प्रे गर्ने ।<br>१३ प्रयोग भएका औजार उपकरणहरु सफा गरी भण्डारण गर्ने । | **दिइएको अवस्था(Given):**<br>● सुक्ष्म खाद्यतत्व र अन्य मलको पाकेट, मल प्रयोगको लागि आवश्यक औजार, उपकरण र जमिन सहितको कार्यशाला<br><br>**निर्दिष्ट कार्य (Task):**<br>आवश्यकता अनुसार सुक्ष्म खाद्यतत्व प्रयोग गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>● माटोमा मिसाउने सुक्ष्म खाद्यतत्व छनोट गरेको ।<br>● बोट बिरुवाको लक्षण पहिचान गरी सोही बमोजिमको सुक्ष्म खाद्यतत्व छनोट गरेको ।<br>● सुक्ष्म खाद्यतत्वको सिफारिश मात्रा हिसाब गरी निकालेको ।<br>● सुक्ष्म खाद्यतत्व सिफारिश गरिए अनुसारको मात्रा प्रयोग भएको । | **सुक्ष्म खाद्यतत्व**<br>● परिचय<br>● महत्व<br>● बोट बिरुवामा खाद्यतत्वको कमिको लक्षण<br>● सुक्ष्म खाद्यतत्वको प्रयोग बिधि<br>● सुक्ष्म खाद्यतत्व प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु |

**औजार उपकरण र सामाग्री :**

कुटो कोदालो, , विभिन्न सुक्ष्म खाद्यतत्वहरु, जोख्ने साधन, अन्य मल, स्प्रेयर, बाल्टिन, ।

**सुरक्षा र सावधानीः**

- मल छर्दा सुरक्षा उपकरणहरु पञ्जा, गमबुट, मास्क, ह्याट लगाउने ।

## सव मोड्युल ३.३: जमीनको तयारी/ व्यवस्थापन

| समय : ३ घण्टा (सै) + २४ घण्टा (व्या) = २७ घण्टा |
|---|
| **वर्णन:**<br>यस मोड्यूलमा जमीनको तयारी तथा व्यवश्थापन गर्न आवश्यक पर्ने ज्ञान र सीपहरू समावेश गरिएका छन् ।<br><br>**उद्येश्यहरू:**<br>यस मोड्यूलको अध्ययनपछि प्रशिक्षार्थीहरु निम्न कार्यमा सक्षम हुनेछन् ।<br><br>● जमीनको तयारी तथा व्यवश्थापन गर्न ।<br>**कार्यहरू:**<br>१ जमीनको छनौट गर्ने ।<br>२ माटोको नमूना संकलन गर्ने ।<br>३ जमीनको सरसफाई गर्ने ।<br>४ जमीन खनजोत गर्ने ।<br>५ मलखादको आधार मात्रा (Basal dose) प्रयोग गर्ने । |

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : २.५ घण्टा
कूल समय : ३ घण्टा

**निर्दिष्ट कार्य (Task):** १. जमीनको छनौट गर्ने ।

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने ।<br>२ आवश्यक औजार, उपकरण र सामाग्री संकलन गर्ने ।<br>३ तलका विशेषता भएको जमिनको छनौट गर्नेः<br>● यातायातको सुविधा भएको ।<br>● सिँचाई सुविधा उपलब्ध भएको ।<br>● निकासको व्यवस्था भएको ।<br>● कम्तिमा २० से.मि तलसम्म चट्टान नभएको माटो ।<br>● समतल परेको जमिन ।<br>४ काम सम्पन्न भए पछि औजार उपकरणहरु धोई पखाली सुरक्षित ठाँउमा राख्ने ।<br>५ कार्यको अभिलेख राख्ने । | **दिइएको अवस्था(Given):**<br>औजार, सामाग्री र उपकरण सहितको कार्यस्थल/जमिन ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>जमिनको छनौट गर्ने।<br><br>**मापदण्ड (Standard):**<br>● पारिलो ६ देखि ८ घण्टा घाम पर्ने स्थान छनोट गरिएको ।<br>● प्राङ्गारिक पदार्थ कम्तिमा २ प्रतिशत भएको ।<br>● दोमट किसिमको माटो भएको ।<br>● कम्तिमा २० से.मि तलसम्म कडा चट्टान नभएको ।<br>● धापिलो वा सिमसाररहित जमीन छनोट गरिएको । | **जमीनको छनौट**<br>● माटोको परिचय र गुणस्तर<br>● माटोको प्रकार<br>● बिरुवाको लागि घामको महत्व<br>● मापन बिधि<br>● जमीनको छनौटका आधारहरु |

**औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipments and Materials)**

कोदालो, स्केल, कलम ।

**सुरक्षा र सावधानीहरु (Safety/Precautions)**

जमीन छनौटको लागि अवलोकन गर्दा सुरक्षा उपकरणहरु पञ्जा, गमबुट, मास्क, ह्याट लगाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : ३.५ घण्टा
कूल समय : ४ घण्टा

**कार्य (Task): २ माटोको नमूना संकलन गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने ।<br>२ आवश्यक औजार, उपकरण र सामाग्रीहरु संकलन गर्ने ।<br>३ नमूना लिने जमीनलाई ५ खण्डमा बिभाजन गर्ने ।<br>४ सम्पूर्ण जमीनको प्रतिनिधित्व हुने गरी कम्तिमा ५ ठाँउमा Z वा N आकारको चिनो लगाउने ।<br>५ स्वाईल अगर/खुर्पीले V आकारको खाडल खन्ने ।<br>६ प्रत्येक V आकारको खाडलबाट ३ से.मि बाक्लो एकनासको चपरी लिने ।<br>७ चपरीलाई छायामा सुकाउने ।<br>८ चपरीलाई धुलो पार्ने ।<br>९ सबै चपरीको धुलोलाई एकै ठाउँमा मिसाउने ।<br>१० मिसाएको धुलो नमूनालाई चार खण्डमा भाग लगाई विपरित दिसाको २ भाग लिने ।<br>११ यो प्रकृयालाई दोहर्याई तेहर्याई, आधा किलो वा एक किलो माटाको नमूना तयार गर्ने ।<br>१२ तयारी नमूनालाई सफा प्लाष्टिकमा हाली बन्द गर्ने ।<br>१३ प्लाष्टिकको थैलाको नमूनालाई कपडाको थैलामा राखी तलको जानकारी लेखी टाँस्ने ।<br>● कृषकको नाम:<br>● ठेगाना:<br>● नमूना लिएको मिति:<br>● पहिले लगाएको बाली:<br>● मलखाद प्रयोग गरेको मात्रा:<br>● लगाउन चाहेको बाली:<br>● परीक्षण गरिनु पर्ने खाद्यतत्वहरु:<br>१४ काम सम्पन्न भए पछि औजार उपकरणहरु धोई पखाली सुरक्षित भण्डारण गर्ने । | **दिइएको अवस्था(Given):**<br>बैमौसमी तरकारी खेतीको लागि उपलब्ध खेतबारी ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>माटोको नमूना संकलन गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>● नमूना लिने जमीनमा कम्तिमा ५ ठाउँमा Z वा N आकारको चिनो लगाइएको ।<br>● अंग्रेजी अक्षरको V आकारको १५ से.मि गहिरो खाडल खनी त्यसबाट नमुना लिइएको ।<br>● लिएको नमुनाबाट परीक्षणका लागि एकैनाशले मिसाइएको आधा किलो वा एक किलो माटो छुट्ट्याइएको ।<br>● नमूना माटोलाई लेवलिङ्ग गरिएको । | **माटोको नमूना संकलन**<br>● परिचय<br>● नमूना संकलन बिधि<br>● परीक्षण बिधि<br>● खाद्यतत्वहरुको परिचय<br>● नमूनामा उल्लेख गर्नुपर्ने सूचनाहरु<br>● लेवलिङ्ग गर्ने बिधि |

**औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipments and Materials)**

स्वाइल अगर, खुर्पी, कोदालो, स्केल, पञ्जा, ब्यालेन्स, प्लाष्टिक थैला, कपडाको थैला ।

**सुरक्षा र सावधानीहरु (Safety/Precautions)**

- काम गर्दा पञ्जा, गमबुट, मास्क, ह्याट लगाउने ।
- औजार उपकरण प्रयोग गर्दा सावधानी अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : ३.५ घण्टा
कूल समय: ४ घण्टा

**कार्य (Task): ३ जमीनको सरसफाई गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने ।<br>२ आवश्यक औजार, उपकरण र सामाग्री संकलन गर्ने ।<br>३ जमीनमा भएका झारपात, ढुङ्गा, गिट्टी आदि संकलन गर्ने ।<br>४ संकलन गरिएका वस्तुहरुलाई प्रकृति अनुसार कुहिने र नकुहिने गरी छुट्ट्याउने ।<br>५ छुट्टयाईएका वस्तुहरु मध्ये कुहिने वस्तुहरुबाट कम्पोस्ट मल बनाउन प्रयोग गर्ने ।<br>६ नकुहिने वस्तुलाई संकलन गर्ने ।<br>७ संकलित फोहर व्यवश्थापन गर्ने ।<br>८ प्रयोग भएका औजार उपकरण र सामग्रीहरु सफ गरी भण्डारण गर्ने । | **दिइएको अवस्था(Given):**<br>बैमौसमी तरकारी खेतीको लागि उपलब्ध खेतबारी ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>जमीनको सरसफाई गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>● व्यक्तिगत सुरक्षाका सामाग्री प्रयोग गरिएको<br>● पहिलेका बालीका अवषेश, झारपात, झ्यासम्यास हटाइएको ।<br>● हटाइएका वस्तुहरु कुहिने र नकुहिने वर्गमा छुट्ट्याइएको । | **जमीनको सरसफाई**<br>● परिचय<br>● पहिले लगाएको बाली परिचय<br>● जमीनको सफाई गर्नु पर्ने कारण<br>● जमीनको सरसफाई गर्ने बिधि<br>● फोहर व्यवश्थापन बिधि |

**औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipments and Materials)**

हँसिया, च्याक, खुर्पी, थुन्चे/बोरा ।

**सुरक्षा र सावधानीहरु (Safety/Precautions)**

- काम गर्दा पञ्जा, गमबुट, मास्क, ह्याट लगाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ११ घण्टा
कूल समयः १२ घण्टा

कार्य (Task): **४ जमीन खनजोत गर्ने ।**

| **कार्य चरणहरु (Steps)** | **प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने ।<br>२ आवश्यक औजार, उपकरण र सामाग्री संकलन गर्ने ।<br>३ छनौट भएको जमीनलाई कम्तिमा १५ से.मि. गहिरोसम्म खनजोत गर्ने ।<br>४ डल्लाहरु फुटाउने ।<br>५ माटोलाई बुरबुराँउदो बनाउने ।<br>६ जमीनलाई सम्याउने ।<br>७ माटो परिक्षणको सिफारिस अनुरुप अम्लिय माटोमा चुना प्रयोग गर्ने ।<br>८ सिफारिस अनुरुप क्षारिय माटोमा जिप्सम प्रयोग गर्ने ।<br>९ काम सम्पन्न भएपछि औजार उपकरणहरु धोई पखाली सुरक्षित ठाँउमा राख्ने | **<u>दिइएको अवस्था(Given):</u>**<br>औजार उपकरण र सामग्रीसहितको उपलब्ध खेतबारी ।<br><br>**<u>निर्दिष्ट कार्य (Task):</u>**<br>जमीन खनजोत गर्ने ।<br><br>**<u>मापदण्ड (Standard):</u>**<br>● जमीनलाई कम्तिमा १५ से.मि. गहिरो खनिएको ।<br>● उठेका डल्लाहरु फुटाइएको ।<br>● माटोलाई बुरबुराँउदो तुल्याइएको ।<br>● सिंचाई गर्न सजिलो हुने गरी सम्याइएको । | **<u>जमीन खनजोत</u>**<br>● परिचय<br>● माटोको भौतिक अवस्था<br>● पहिले लगाएको बालीको परिचय<br>● लगाउन लागिएको बालीको परिचय<br>● खनजोत गर्ने बिधि<br>● माटोको अम्लीय वा क्षारियपना परिचय |

**औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipments and Materials)**

हलो, कोदालो, हलगोरु/ट्रयाक्टर, लेभलर, डल्लेठो, चुना/जिप्सम, ब्यालेन्स ।

**सुरक्षा र सावधानीहरु (Safety/Precautions)**

- काम गर्दा पञ्जा, गमबुट, मास्क, ह्याट लगाउने ।
- औजार उपकरण प्रयोग गर्दा सावधानी अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक: ०.५ घण्टा
प्रयोगात्मक ३.५ घण्टा
कूल समय : ४ घण्टा

**कार्य (Task): ५ मलखादको आधार मात्रा (Basal dose) प्रयोग गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने<br>२ आवश्यक औजार, उपकरण र सामाग्री संकलन गर्ने ।<br>३ तोकिएको मात्राको गोठे/कम्पोस्ट मलको मात्रा माटोमा मिलाउने ।<br>४ तोकिएको मात्राको फोस्फोरस, पोटास र आधा मात्रा नाईट्रोजन माटोमा राम्ररी मिलाउने ।<br>५ प्रति रोपनी ५०० के. जि गोवर मल, १० के.जि डि.ए.पि र ६ के.जि. म्यूरेट अफ, पोटास प्रयोग गर्ने ।<br>६ मल प्रयोगपछि जमीन खनजोत गरी मल राम्ररी मिसाउने ।<br>७ काम सम्पन्न भए पछि औजार उपकरणहरु धोई पखाली सुरक्षित ठाँउमा राख्ने । | **दिइएको अवस्था(Given):**<br>औजार उपकरणसहित खनजोत गरी तयार गरिएको जमीन ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>मलखादको आधार मात्रा (Basal dose) प्रयोग गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>• प्रति इकाई जमीनमा लगाउने बालीलाई सिफारिस गरिएको मात्राको गोठे/कम्पोस्ट मल प्रयोग गरेको ।<br>• प्रति इकाई जमीनमा सिफारिस गरिएको पुरै मात्राको फोस्फोरस र पोटास तथा आधा मात्राको नाईट्रोजन तत्व प्रयोग भएको ।<br>• प्रति रोपनी ५०० के. जि गोवर मल, १० के.जि डि.ए.पि र ६ के.जि. म्यूरेट अफ, पोटास प्रयोग गरिएको । | **मलखादको आधार मात्रा**<br>• गोठे/कम्पोस्ट मलको परिचय<br>• बाली लगाउनु पहिले र पछि प्रयोग गर्ने रासायनिक मलको परिचय<br>• मापन इकाइहरु<br>• मल मिश्रण र प्रयोग गर्ने बिधि |

**औजार, उपकरण र सामाग्रीहरु (Tools, Equipments and Materials)**

कोदालो, खुर्पी, गोठे/कम्पोस्ट मल, डि.ए.पि., म्यूरेट अफ पोटास, ब्यालेन्स ।

**सुरक्षा र सावधानीहरु (Safety/Precautions)**

- काम गर्दा पञ्जा, गमबुट, मास्क, ह्याट लगाउने ।
- मलखाद प्रयोग गर्दा लामो समय सम्म सूर्यको प्रकाशमा नराखी तुरुन्तै माटोमा मिलाउने ।

## मोड्यूल ४ नर्सरी निर्माण तथा बिरुवा उत्पादन

समय : ७ घण्टा (सै) + ५९ घण्टा (व्या) = ६६ घण्टा

**वर्णन:**

यस मोड्यूलमा नर्सरी निर्माण तथा विरुवा उत्पादनका लागि माटोको स्वास्थ्य सुधार गर्न सम्बन्धित ज्ञान र सीपहरू समावेश गरिएका छन् ।

**उद्येश्यहरू:**

यस मोड्यूलको अध्ययनपछि प्रशिक्षार्थीहरु निम्न कार्यमा सक्षम हुनेछन् ।

- नर्सरी निर्माण तथा बिरुवा उत्पादनका लागि माटोको स्वास्थ्य सुधार गर्न ।

**कार्यहरू:**

१ नर्सरीको लागि जमीनको छनौट गर्ने ।
२ बीउको उपचार गर्ने ।
३ नर्सरी व्याड बनाउने
४ सौर्य बिधिबाट माटोको उपचार गर्ने ।
५ रासायनिक बिधिबाट माटोको उपचार गर्ने ।
६ पोलिब्यागका लागि मल माटोको मिश्रण तयार गर्ने
७ प्लाष्टिक थैलामा तयारी मिश्रणको भर्ने ।
८ सिड ट्रेमा तयारी मिश्रण /कोको पिट भर्ने ।
९ बीउ रोप्ने ।
१० छापो हाल्ने ।
११ प्लाष्टिक गुम्बज निर्माण गर्ने ।
१२ नर्सरीका विरुवाको हेरचाह गर्ने ।

**कार्य विश्लेषण (Task Analysis)**

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : १.५ घण्टा
कूल समय :२ घण्टा

कार्य (Task): १ **नर्सरीको लागि जमीनको छनौट गर्ने ।**

| **कार्य चरणहरु (Steps)** | **प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने ।<br>२ आवश्यक औजार सामाग्री उपकरणहरु संकलन गर्ने ।<br>३ छनौट गरिने जमीनमा तलका विशेषता भएको यकिन गर्ने:<br>● बिहानदेखि बेलुकासम्म घाम लाग्ने ठाउँ ।<br>● रुखको छाँया नपर्ने ।<br>● सिँचाई र निकासको व्यवस्था गर्न सकिने ।<br>● बार बन्देज गर्न सकिने ।<br>● सडक एवं बजारको सहज पहुँच भएको ।<br>● सजिलै हेरचाह गर्न सकिने ।<br>● मलिलो दोमट माटो भएको ।<br>४ कार्यको अभिलेख राख्ने । | **दिइएको अवस्था(Given):**<br>रेखदेख गर्न सजिलो, पानीको श्रोत भएको खुला स्थान, औजार, सामाग्री र उपकरण सहितको खेतबारी ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>नर्सरीको लागि जमीनको छनौट गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>● पारिलो ६ देखि ८ घण्टा घाम पर्ने स्थान छनौट गरिएको ।<br>● खुकुलो, प्रशस्त प्राङ्गारिक पदार्थ भएको दोमट किसिमको माटो भएको ।<br>● गेगर, ढुङ्गेन रहित स्थान भएको ।<br>● कम्तिमा १५ से.मि तलसम्म कडा चट्टान नभएको ।<br>● धापिलो वा सिमसार रहित ठाउँ भएको । | **नर्सरी**<br>● परिभाषा<br>● माटोको प्रकार,<br>● विरुवा उम्रनको लागि घाम, पानी र हावाको महत्व<br>● सोझै रोपिने र बिरुवा तयार गर्नु पर्ने तरकारी बालीको परिचय<br>● छनौट गरिने जमीनका विशेषता |

**औजार उपकरण र सामाग्रीः**
चस्मा, पन्जा, मास्क, टोपी, गमबुट
**सुरक्षा र सावधानीः**

- जमीन अवलोकन गर्दा सुरक्षा उपकरणहरु पञ्जा, गमबुट, मास्क, ह्याट लगाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : ५.५ घण्टा
कूल समय : ६ घण्टा

कार्य (Task) : २ **बीउको उपचार गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने ।<br>२ आवश्यक औजार सामाग्री उपकरणहरु संकलन गर्ने ।<br>३ एक किलो ग्राम बीउको लागि २ देखि ३ ग्राम बेभिस्टीन बिषादि जोख्ने ।<br>४ बीउ र बिषादिको धुलो शिशि वा बट्टामा हाल्ने ।<br>५ बिर्को राम्ररी बन्द गर्ने ।<br>६ बीउ र बिषादि हालेको शिशि वा बट्टालाई २-३ मिनेट राम्ररी हल्लाएर १० -१५ मिनेट छोडि दिने ।<br>७ १०-१५ मिनेटमा बीउको सतहमा बिषादिको धुलो टाँसिएपछि बट्टा खोलेर उपचारित बीउ निकाल्ने ।<br>८ बीउ रोप्नका लागि तयार पार्ने ।<br>९ प्रयोगपछि औजार उपकरणहरु सफा गरी भण्डार गर्ने । | **दिइएको अवस्था(Given):**<br>उपचार गर्नु पर्ने बीउ, प्रयोग गरिने बिषादि, उपचार गर्ने उपकरण (शिशि वा बट्टा), पञ्जा, मास्क, डिजिटल तराजु ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>बीउको उपचार गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>• तोकिएको बाली र जातको गुणस्तरिय बीउको छनौट गरिएको ।<br>• सिफारिस गरिएको बिषादिको सिफारिस मात्रा प्रयोग गरिएको ।<br>• एक किलो ग्राम बीउको लागि २ देखि ३ ग्राम बेभिस्टीन बिषादि प्रयोग गरिएको ।<br>• बिषादिको मात्र बीउको सतहमा टाँसिएको । | **बीउ उपचार**<br>• बीउको परिभाषा<br>• बीउबाट सर्ने रोगको ज्ञान<br>• बीउमा लेपन गरेको बिषादिले रोगका जिवाणु, किटाणु नियन्त्रण बिधि<br>• बीउको उपचार बिधि |

**औजार उपकरण र सामाग्री**

डिजिटल ब्यालेन्स, बीउ, उपचार गर्ने बिषादि, शिशि, बट्टा, सुरक्षा सम्वन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुट ।

**सुरक्षा र सावधानी**

- कार्य गर्दा व्यक्तिगत सुरक्षा उपकरण पञ्जा, मास्क गर्ने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ११ घण्टा
कूल समय : १२ घण्टा

कार्य (Task) : ३ **नर्सरी ब्याड बनाउने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने ।<br>२ आवश्यक औजार सामाग्री उपकरणहरु संकलन गर्ने ।<br>३ नर्सरी ब्याड बनाउने जमीनलाई राम्रोसंग गहिरो गरी खनजोत गर्ने ।<br>४ डल्ला फोर्ने, झार हटाउने, प्लाष्टिक , ढुङ्गा तथा रोडाहरु सफा गरी जमीनलाई सम्याउने ।<br>५ जमीनलाई २/३ पटक राम्ररी खनेर डल्ला फोरी माटो बुरबुराउँदो वनाउने ।<br>६ प्रति वर्गमिटर ब्याड क्षेत्रमा ५ किलो ग्राम पाकेको गोबर वा कम्पोष्ट मल, १५ ग्राम डि.ए.पि.र १० ग्राम म्यूरेट अफ पोटास एक नासले मिलाउने ।<br>७ वर्षात्का महिनाहरुमा (जेठ देखि भदौ) सम्म १ मिटर चौडा १५ से.मि. उठेको ड्याङ्ग बनाउने ।<br>८ आवश्यकता अनुसारको लम्बाईको ब्याड तयार गर्ने ।<br>९ सुख्खा मौसम (आस्विन देखि बैशाख) सम्म जमीनको सतहभन्दा होचो वा दबेको ब्याडको चारैतिर डिल भएको क्यारीहरु वनाउने ।<br>१० प्रयोगपछि औजार उपकरणहरु सफा गरी भण्डार गर्ने । | **दिइएको अवस्था(Given):**<br>रेखदेख गर्न सजिलो, पानीको श्रोत भएको खुला स्थान, औजार, गोवरमल/कम्पोष्ट मल, रासायनिक मल, खन जोत गर्ने सामाग्री र उपकरण सहितको खेतबारी/ कार्यस्थल<br><br>**निर्दिष्ट कार्य (Task):**<br>नर्सरी ब्याड बनाउने ।<br><br>**स्तर/मापदण्ड (Standard):**<br>• बर्षा मौसममा उठेको, पानी बगेर जाने कुलेसो सहितको ब्याड निर्माण गरिएको ।<br>• सुखा मौसममा दबेको चारैतिर डिल भएको ब्याड निर्माण गरिएको ।<br>• चिस्यान कायम रहने ब्याड निर्माण गरिएको । | **नर्सरी ब्याड**<br>• परिचय, प्रकार<br>• ब्याडमा बेर्ना उमार्दा हुने फाइदाहरु<br>• बीउ उम्रन र बढ्नका लागि गुणस्तरीय माटोको बिशेषता<br>• गुणस्तरयुक्त बीउको छनौट बिधि |

**औजार उपकरण र सामाग्री**

नाने टेप, चिनो लगाउने काठका किला/बाँसका कप्टेरा, किला ठोक्ने काठको मुङ्ग्रो, हतौडा, कोदालो, कोदाली, डोरी (सुत्री) सुरक्षा सम्वन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुट ।

**सुरक्षा र सावधानीः**

- सुरक्षा सम्बन्धी सामाग्रीहरु पञ्जा, गमबुट, मास्क, ह्याट लगाउने ।
- औजार उपकरण प्रयोग गर्दा सावधानी अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ५ घण्टा
कूल समय : ६ घण्टा

कार्य (Task) : ४ **सौर्य बिधिबाट माटोको उपचार गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने<br>२ आवश्यक औजार सामाग्री उपकरणहरु संकलन गर्ने ।<br>३ उपचार गर्नु पर्ने ब्याडको माटोलाई कम्तिमा १५ से.मि. को गहिराई सम्म पानीले राम्ररी भिजाउने ।<br>४ भिजेको ब्याडलाई २५०-३०० गेजको पारदर्शि प्लाष्टिकले छोप्ने ।<br>५ प्लाष्टिकको को दुवै छेउं ब्याडको किनारको नालीमा हावा नछिर्ने गरी ढुङ्गा, ईटा वा माटोले चेप्ने ।<br>६ प्लाष्टिकमा कुनै प्वाल परेमा त्यस्तै पारदर्शी टेप वा अन्य प्लाष्टिकले टाल्ने ।<br>७ प्वाल टाल्न वा अन्य प्रयोजनको लागि ब्याडमा जानु परेमा खाली खुट्टा वा नरम सोल भएको जुत्ता प्रयोग गर्ने ।<br>८ राम्ररी घाम लाग्ने मौसममा कम्तिमा २ हप्तासम्म प्लाष्टिकले छोप्ने ।<br>(सूर्यको तापले माटो ताते पछि माटोबाट तातो वाफ निस्कन्छ र माटोमा भएका रोगका जिवाणु, शाकाणु, विषाणु र किटाणुहरु मर्दछन् )<br>९ प्रयोगपछि औजार उपकरणहरु सफा गरी भण्डार गर्ने । | **दिइएको अवस्था(Given):**<br>मौसम अनुसार उठेको वा दवेको ब्याड, सौर्य किरणबाट माटो निर्मलीकरण गर्न, सेतो २५० गेजको प्लाष्टिक, प्लाष्टिकलाई थिच्ने ईट वा ढुङ्गा सहितको खेतबारी कार्यस्थल ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>सौर्य बिधिबाट माटोको उपचार गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>• सौर्य किरणबाट माटो उपचार गर्दा कम्तिमा १५ से.मि. को गहीराई सम्म पानीले राम्ररी भिजाईएको<br>• ब्याडलाई २५०-३०० गेजको पारदर्शि सेतो प्लाष्टिकले हावा नछिर्ने गरी ढाकिएको ।<br>• प्लाष्टिकले ढाक्दा प्लाष्टिकका छेउहरु नउडाउने गरी माटो भित्र पारी प्लाष्टिकलाई थिचिएको । | **मटोको सौर्य उपचार बिधि**<br>• परिचय<br>• सौर्य उपचारको विधि<br>• सौर्य उपचार विधिबाट माटोमा हुने तापक्रम बृद्धि<br>• नियन्त्रण हुने रोग कीराको परिचय<br>• प्रयोग गर्न सकिने महिना र अवधि |

**औजार उपकरण र सामाग्री**

किला ठोक्ने काठ/बाँसको मुङ्ग्रो, काठका किला, कोदालो, कोदाली, डोरी (सुत्री) प्लाष्टिक, प्लाष्टिकलाई थिच्ने ईट वा ढुङ्गा, पानी, सुरक्षा सम्वन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुट) ।

**सुरक्षा र सावधानी:**

- व्यक्तिगत सुरक्षा सामग्रीहरु सुरक्षा उपकरणहरु पञ्जा, गमबुट, मास्क, ह्याट लगाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : ३.५ घण्टा
कूल समय : ४ घण्टा

कार्य (Task) : ५ **रासायनिक बिधिबाट माटोको उपचार गर्ने ।**

| **कार्य चरणहरु (Steps)** | **प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने<br>२ आवश्यक औजार सामाग्री उपकरणहरु संकलन गर्ने ।<br>३ रासायनिक विधिबाट माटो उपचार गर्न २ ग्राम बेभिष्टिन प्रतिलिटर पानीमा वा हाइड्रोजन पेरोअक्साइड १ भाग, १० भाग पानीमा मिसाइ झोल तयार गर्ने ।<br>४ तयारी झोलले १५ से.मि. गहिरोसम्म भिज्ने गरी माटोमा छर्कने ।<br>५ भिजेको ब्याडलाई २५० गेजको सेतो प्लाष्टिकले ७२ घण्टा छोप्ने ।<br>६ ७२ घण्टापछि प्लाष्टिक झिक्ने ।<br>७ माटोमा पाइने रोगका जिवाणु, शाकाणु, विषाणु तथा जुका मर्ने हुनाले माटो तयार गरी बाली लगाउने ।<br>८ प्रयोगपछि औजार उपकरणहरु सफा गरी भण्डार गर्ने । | **दिइएको अवस्था(Given):**<br>मौसम अनुसार उठेको वा दवेको ब्याड, रासायनिक विधिबाट उपचार गर्न बेभिष्टिन, हाइड्रोजन पेरोअक्साइड सहितको खेतबारी कार्यस्थल ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>रासायनिक बिधिबाट माटोको उपचार गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>• रासायनिक विधिबाट माटो उपचार गर्दा २ ग्राम बेभिष्टिन प्रतिलिटर पानीमा वा हाइड्रोजन पेरोअक्साइड १ भाग, १० भाग पानीमा मिसाइएको झोल तयारी गरिएको ।<br>• तयारी झोललाई १५ से.मि. गहिरोसम्म भिजाई २५० गेजको सेतो प्लाष्टिकले कम्तीमा ७२ घण्टा सम्म ढाकिएको । | **रासायनिक विधिद्धारा माटो उपचार**<br>• परिचय<br>• रासायनिक बिधिबाट माटोको उपचार गर्ने बिधि ।<br>• रासायनिक झोल तयार गर्ने बिधि ।<br>• माटोमा पाइने रोगका जिवाणु, शाकाणु, विषाणु तथा जुका परिचय । |

**औजार उपकरण र सामाग्री:**

किला ठोक्ने काठ/बाँसको मुङ्ग्रो, काठका किला, कोदालो, कोदाली, डोरी (सुत्री) प्लाष्टिक, प्लाष्टिकलाई थिच्ने ईट वा ढुङ्गा, बेभिष्टिन, हाइड्रोजन पेरोअक्साइड, स्प्रेअर, पानी, सुरक्षा सम्वन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुट ) ।

**सुरक्षा र सावधानी:**

- व्यक्तिगत सुरक्षा सामग्रीहरु पञ्जा, गमबुट, मास्क, ह्याट लगाउने ।
- औजार उपकरणहरु प्रयोग गर्दा सावधानी अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : ५.५ घण्टा
कूल समय : ६ घण्टा

कार्य (Task) : ६ **पोलिब्यागका लागि मल माटोको मिश्रण तयार गर्ने** ।

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने<br>२ आवश्यक औजार सामाग्री उपकरणहरु संकलन गर्ने ।<br>३ सफा र स्वस्थ ठाँउको धुलो माटो, बालुवा, खरानी र राम्ररी कुहिएको कम्पोष्टम/गोबर मल, अलग अलग संकलन गर्ने ।<br>४ माटो चिम्ट्याइलो छ भने, माटो २ भाग, कम्पोष्टम/गोबर मल २ भाग, बालुवा २ भाग र खरानी १ भाग नापेर मिसाउने ।<br>५ माटो बलौटे छ भने, माटो २ भाग, कम्पोष्टम/गोबर मल २ भाग र खरानी १ भाग नापेर मिसाउने ।<br>६ माटो दोमट छ भने, माटो २ भाग, कम्पोष्टम/गोबर मल २ भाग, बालुवा १ भाग र खरानी १ भाग नापेर मिसाउने ।<br>७ प्रति १० के.जी. मिश्रणमा ५ देखि १० ग्राम जैविक वा किरा मार्ने विषादी मालाथायन मिसाउने ।<br>८ तयारी मिश्रणलाई बालुवा चाल्ने जालीले चाल्ने<br>९ तयारी मिश्रणलाई सुरक्षित ठाँउमा राख्ने र आवश्यकता अनुसार प्रयोग गर्ने ।<br>१० प्रयोगपछि औजार उपकरणहरु सफा गरी भण्डार गर्ने । | **दिइएको अवस्था(Given):**<br>माटो, बालुवा, कम्पोष्ट, गोवरमल, खरानी, जैविक बिषादि वा सुरक्षित विषादी जस्तै मालाथायन, प्लाष्टिक थैला, सहितको खेतबारी कार्यस्थल ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>पोलिब्यागका लागि मल माटोको मिश्रण तयार गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>• चिम्ट्याइलो माटो छ भने, माटो २ भाग, कम्पोष्टम/गोबर मल २ भाग, बालुवा २ भाग र खरानी १ भाग नापेर एकनाससंग मिसाइएको ।<br>• बलौटे माटो छ भने, माटो २ भाग, कम्पोष्टम/गोबर मल २ भाग र खरानी १ भाग नापेर एकनाससंग मिसाइएको ।<br>• दोमट माटो छ भने, माटो २ भाग, कम्पोष्टम/गोबर मल २ भाग, बालुवा १ भाग र खरानी १ भाग नापेर एकनाससंग मिसाइएको ।<br>• प्रति १० के.जी. मिश्रणमा ५ देखि १० ग्राम जैविक वा किरा मार्ने विषादी मालाथायन मिसाइएको ।<br>• तयारी मिश्रणलाई बालुवा चाल्ने जालीले चालेर तयार गरिएको । | **मल माटोको मिश्रण**<br>• परिचय<br>• मिश्रणको मात्रा<br>• मिश्रण तयार गर्ने बिधि<br>• पोलिब्याग परिचय, आकार र गुणस्तर<br>• पोलिब्याग भर्ने बिधि |

**औजार उपकरण र सामाग्री:**

कोदालो, कोदाली, कुटो, खुर्पी, मल, माटो, बालुवा, खरानी, माटो मल धुलो पार्ने काठको मुङ्ग्रो, जैविक बिषादि, मालाथियन मिश्रण चाल्ने जाली सुरक्षा सम्वन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, जुत्ता) ।

**सुरक्षा र सावधानी:**

- विषादी बनाउंदा व्यक्तिगत सुरक्षा सामग्रीहरु प्रयोग गर्ने ।
- औजार उपकरणहरु प्रयोग गर्दा सावधानी अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : ३.५ घण्टा
कूल समय : ४ घण्टा

**कार्य (Task) : ७ प्लाष्टिक थैलामा तयारी मिश्रणको भर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने ।<br>२ आवश्यक औजार सामाग्री उपकरणहरु संकलन गर्ने ।<br>३ १० से.मि. चौडा र १५ से.मि. अग्लो साइजको प्लाष्टिक थैलाहरु संकलन गर्ने ।<br>४ प्लाष्टिक थैलाको पिँध पट्टि पानी निकासको लागि पञ्चिङ मेशिनले ४ देखि ६ वटा साना साना प्वाल पार्ने ।<br>५ प्लाष्टिक थैलामा तयारी मिश्रण खाँदेर भर्नै<br>६ प्लाष्टिकको थैलाको माथिल्लो २ देखि ३ से.मि. भागमा माटो नभरी खाली छोडने ।<br>७ प्रयोगपछि औजार उपकरणहरु सफा गरी भण्डार गर्ने । | **दिइएको अवस्था(Given):**<br>तयारी मिश्रण, प्लाष्टिक थैला, पञ्चिङ मेशिन, सहितको कार्यस्थल।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>प्लाष्टिक थैलामा तयारी मिश्रण भर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>१. १० से.मि. चौडा र १५ से.मि. अग्लो साइजको प्लाष्टिक थैलाहरु प्रयोग गरिएको ।<br>२. प्लाष्टिक थैलामा पानी निकासको लागि ४ देखि ६ वटा साना साना प्वाल पारिएको ।<br>३. मिश्रण भर्दा खादेर भरिएको ।<br>४. प्लाष्टिकको थैलाको माथिल्लो २ देखि ३ से.मि. भागमा माटो नभरी खाली छोडिएको । | **प्लाष्टिक थैला**<br>• परिचय<br>• प्लाष्टिक थैलाको आकार प्रकार<br>• प्लाष्टिक थैलामा पानी निकासको आवश्यकता<br>• प्लाष्टिक थैलामा मिश्रण भर्ने तरिका |

**औजार उपकरण र सामाग्री**

तयारी मिश्रण, कोको पिट, प्लाष्टिक थैला, पञ्चिङ मेशिन, सुरक्षा सम्वन्धी सामग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुट ।

**सुरक्षा र सावधानी**

- व्यक्तिगत सुरक्षा सामग्रीहरु पञ्जा, गमबुट, मास्क, ह्याट लगाउने ।
- औजार उपकरणहरु प्रयोग गर्दा सावधानी अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : ३.५ घण्टा
कूल समय : ४ घण्टा

**कार्य (Task) : ८ सिड ट्रेमा तयारी मिश्रण/कोको पिट भर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने<br>२ आवश्यक औजार सामाग्री उपकरणहरु संकलन गर्ने ।<br>३ सिड ट्रेलाई सम्म जमीनमा मिलाएर राख्ने<br>४ कोको पिटलाई पानीमा भिजाएर तयार गर्ने<br>५ पानीमा भिजाएको कोको पिटमा मल माटो सहितको मिश्रण तयार गर्ने ।<br>६ तयारी मिश्रण सिड ट्रेमा भएका कपहरुमा भर्ने ।<br>७ प्रयोगपछि औजार उपकरणहरु सफा गरी भण्डार गर्ने । | **दिइएको अवस्था(Given):**<br>तयारी मिश्रण, कोको पिट (Coco peat), सिड ट्रे, सहितको कार्यस्थल ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>सिड ट्रेमा तयारी मिश्रण/काको पिट भर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>• तयारी मिश्रण/कोको पिट भर्दा खादेर भरिएको ।<br>• भिजेको कोको पिट निचर्दा हत्केला भिज्ने तर पानि नचुहिने भएको । | **सिड ट्रे**<br>• परिचय<br>• प्रयोग बिधि<br>• उमारिएको बिरुवालाई चाहिने पोषण परिचय<br>• कोको पिटमा प्रयोग गरिने माटो र मल मिश्रण बिधि |

**औजार उपकरण र सामाग्री**

तयारी मिश्रण, कोको पिट, प्लाष्टिक थैला, सिड ट्रे, पञ्चिङ मेशिन, सुरक्षा सम्वन्धी सामग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुठ आदी) ।

**सुरक्षा र सावधानी**

- व्यक्तिगत सुरक्षा सामग्रीहरु पञ्जा, गमबुट, मास्क, ह्याट लगाउने ।
- औजार उपकरणहरु प्रयोग गर्दा सावधानी अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : ५.५ घण्टा
कूल समय : ६ घण्टा

कार्य (Task) : ९ **बीउ रोप्ने ।**

| **कार्य चरणहरु (Steps)** | **प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने<br>२ आवश्यक औजार सामग्री उपकरणहरु संकलन गर्ने ।<br>३ तयारी ब्याडको चौडाई तिरबाट १०/१० से.मि. को फरकमा छेस्कोले ३ से.मि. गहिरो धर्सा कोर्ने<br>४ कोरिएको धर्सामा २ से.मी. गहिराइ (बीउको साइज भन्दा दोब्बर गहिराई)मा एकनाससंग बीउ खसाउने ।<br>५ ब्याडमा बीउ रोपे पछि खुकुलो माटो वा धुलो माटो, बालुवा र मलको मिश्रणले छोप्ने<br>६ मिश्रण भरेको प्लाष्टिक थैलामा लहरे बालीको बीउ रोपण गर्दा ३ से.मि को गहिराईमा रोप्ने<br>७ लहरे बालीको बीउ उपयूक्त गहिराइमा चुच्चे भागलाई तलतिर पारेरे वा सुताएर बीउ रोप्ने ।<br>८ कोको पिट र मिश्रण भरेको सिड ट्रेमा पनि बालीको किसिम र जात अनुसार २/३ से.मी.को गहिराईमा बीउ रोप्ने ।<br>९ प्रयोगपछि औजार उपकरणहरु सफा गरी यथास्थानमा भण्डार गर्ने । | **<u>दिइएको अवस्था(Given):</u>**<br>१ मिटर चौडा १५ से.मि. उठेको ब्याड वा चारेतिर डिल भएको र आवश्यकता अनुसारको लम्बाईको ब्याड, मिश्रण भरेको प्लाष्टिक थैला, कोको पिट र मिश्रण भरेको सिड ट्रे, उपचार गरिएको बीउ र कार्यस्थल ।<br><br>**<u>निर्दिष्ट कार्य (Task):</u>**<br>बीउ रोप्ने ।<br><br>**<u>मापदण्ड (Standard):</u>**<br>• बीउको साइज भन्दा दोब्बर गहिराइमा बीउ रोपण गरिएको ।<br>• ब्याडमा बीउ रोपण गर्दा लाइन देखि लाइनको दूरी १० से.मि. कायम गरिएको ।<br>• बीउ रोपण पछि धुलो माटो, बालुवा र मलको मिश्रणले पुरिएको । | **<u>बीउ रोपाईं</u>**<br>• परिचय<br>• बीउ उम्रनको लागि आवश्यक प्रकाश, तापक्रम र चिस्यान मात्रा ।<br>• बीउको आकार र साईजको आधारमा रोपण गर्ने गहिराई<br>• प्लाष्टिक थैला र कोको पिटमा बीउ रोपण गर्ने बिधि<br>• ब्याडमा बीउ राप्ने बिधि |

**औजार उपकरण र सामग्री**

मिश्रण भरेको प्लाष्टिक थैला, कोको पिट र मिश्रण भरेको सिड ट्रे, उपचार गरिएको बीउ, धुलो माटो, बालुवा र मलको मिश्रण र सुरक्षा सम्वन्धी सामग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुट) ।

**सुरक्षा र सावधानी**

- व्यक्तिगत सुरक्षा सामग्रीहरु पञ्जा, गमबुट, मास्क, ह्याट लगाउने ।
- औजार उपकरणहरु प्रयोग गर्दा सावधानी अपनाउने ।

**कार्य विश्लेषण (Task Analysis)**

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : ३.५ घण्टा
कूल समय : ४ घण्टा

कार्य (Task) : **१० नर्सरी ब्याडमा छापो हाल्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने<br>२ आवश्यक औजार सामग्री उपकरणहरु संकलन गर्ने ।<br>३ सुकेको पराल/खर/घाँस, जुटको बोरा, अखबारी कागज, पानी र हजारी संकलन गर्ने ।<br>४ कुहिएको पराल/खर/घाँस र ढुसि लागेको जुटको बोरा, अखबारी कागज छ भने छुट्टयाएर हटाउने ।<br>५ उठेको ब्याड वा डिल भएको ब्याडमा सुकेको पराल/खर/घाँस वा जुटको बोराले ब्याडको माटो नदेखिने गरि छोप्ने<br>६ हजारीले ३ देखि ४ से.मि. ब्याड भिज्ने गरि हलुका संग पानी राख्ने ।<br>७ प्लाष्टिक थैला वा सिड ट्रेमा रोपिएको बीउलाई हजारीले ३ देखि ४ से.मि. ब्याड भिज्ने गरि हलुका संग पानी राखि अखबारी कागजको छापो हाल्ने ।<br>८ प्रयोगपछि औजार उपकरणहरु सफा गरी यथास्थानमा भण्डार गर्ने । | **दिइएको अवस्था(Given):**<br>बीउ रोपिएको उठेको ब्याड वा चारेतिर डिल भएको ब्याड, सुकेको पराल/खर/घाँस, जुटको बोरा, अखबारी कागज, पानी, हजारी र प्लाष्टिक थैलामा वा कोको पिट र मिश्रण भरेको सिड ट्रे,मा रोपिएको बीउ र कार्यस्थल<br><br>**निर्दिष्ट कार्य (Task):**<br>नर्सरी ब्याडमा छापो हाल्ने ।<br><br>**मापदण्ड (Standard):**<br>● छापोले ब्याडको सबैतिर समान रुपमा छोपिएको ।<br>● बीउ रोपिएको प्लाष्टिक थैला र सिड ट्रे लाइनमा मिलाएर राखिएको ।<br>● प्लाष्टिक थैला र सिड ट्रे मा अखबारी कागजले छापो दिईएको ।<br>● जुटको बोरा एकसरो गरी र नखापिने गरी छापो दिईएको ।<br>● पानी राख्दा ३ देखि ४ से.मि. ब्याड भिज्ने गरि हलुका संग राखिएको । | **नर्सरी ब्याडमा छापो**<br>● परिचय<br>● बीउ उम्रनको लागि आवश्यक प्रकाश, तापक्रम र चिस्यान<br>● बाली अनुसार बीउ उम्रने समय र छापो हटाउने समय<br>● छापोको लागि प्रयोग गर्ने सामाग्री ।<br>● ब्याड अनुसार छापोको प्रयोग बिधि । |

**औजार उपकरण र सामग्री**

सुकेको पराल/खर/घाँस, जुटको बोरा, अखबारी कागज, पानी, हजारी र प्लाष्टिक थैलामा वा कोको पिट र मिश्रण भरेको सिड ट्रे,मा रोपिएको बीउ र सुरक्षा सम्वन्धी सामग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुट ।

**सुरक्षा र सावधानी**

- व्यक्तिगत सुरक्षा सामग्रीहरु पञ्जा, गमबुट, मास्क, ह्याट लगाउने ।
- औजार उपकरणहरु प्रयोग गर्दा सावधानी अपनाउने ।

**कार्य विश्लेषण (Task Analysis)**

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : ५.५ घण्टा
कूल समय : ६ घण्टा

कार्य (Task) : ११ **प्लाष्टिक गुम्बज निर्माण गर्ने ।**

| **कार्य चरणहरु (Steps)** | **प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
|---|---|---|
| १ आवश्यक औजार सामग्री उपकरणहरु संकलन गर्ने ।<br>२ १ मिटर चौडा र ५ मिटर लम्वाईको ब्याडको लागि बाँस वा निगालोको एकनासको २/२ मिटर लामो ६ वटा भाटा तयार गर्ने ।<br>३ भाटाको दुबै तर्फ तिखो पार्ने ।<br>४ ५ मिटरको ब्याड छोप्न २ मिटर चौडा ७ मिटर लामो प्लाष्टिक तयार गर्ने<br>५ ड्याङ वा क्यारीको डिलमा १/१ मिटरको फरकमा अर्धचन्द्राकारमा भाटाहरु गाडने<br>६ अर्धचन्द्राकारको तयारी सुरुङ माथि प्लाष्टिक ओडाउने ।<br>७ ड्याङको दुबै पट्टि छेउमा काठको किला ठोकि प्लाष्टिकको टुप्पो बाँध्ने ।<br>८ बन्द गुम्बजको प्रयोगः बीउ रोपेको ड्याङको चारैतिर प्लाष्टिकलाई माटोले थिचेर बन्द गर्ने ।<br>९ यस प्रकारको प्लाष्टिक गुम्बज जाडो महिनामा गुम्बज भित्र न्यानो कायम गरी बेर्ना उमार्न प्रयोग गर्ने ।<br>१० दिउँसो साईडबाट खोल्ने र साँझ वन्द गर्ने ।<br>११ तापक्रम बढदै गएपछि प्लाष्टिक हटाई दिने ।<br>१२ अर्ध बन्द गुम्बजको प्रयोगः दिउँसो खुला गर्ने र राति वा पानी परेको बेलामा बेर्ना जोगाउन बन्द गर्ने<br>१३ यस प्रकारको टनेल एकातिर मात्र च्यापिएको खोल्न र बन्द गर्न सकिने गरि बनाउने ।<br>१४ यस्तो गुम्बज बर्षामा काउली, बन्दा जस्ता बालीको बेर्ना उमार्न प्रयोग गर्ने ।<br>१५ कलिलो वेर्नालाई वर्षात्को पानीले नोक्सान नगरोस् भन्नाका लागि व्याड माथि आधा खुलेको प्लाष्टिक टनेल बनाउने ।<br>१६ घामलागेको बेलामा बढी तातोबाट जोगाउन प्लाष्टिक टनेलको दुवै साईड खोली दिने ।<br>१७ दिनमा खोल्ने र रातमा वा पानी पर्ने सम्भावना देखिएमा प्लाष्टिकले छोपी दिने ।<br>१८ प्रयोगपछि औजार उपकरणहरु सफा गरी याथास्थानमा भण्डार गर्ने । | **दिइएको अवस्था(Given):**<br>बीउ रोपिएको उठेको ब्याड वा चारेतिर डिल भएको ब्याड, प्लाष्टिक थैलामा वा सिड ट्रेमा रोपिएको बीउ, हरियो बाँस वा निगालोको भाटा, काठको किला, सिकेचर, हँसिया, अचानो, कोदालो, साबेल, प्लाष्टिक शिट र कार्यस्थल ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>प्लाष्टिक गुम्बज निर्माण गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>• अर्धचन्द्राकार बाँस वा निगालोका भाटा समान रुपमा गाडिएको ।<br>• भाटा माथि प्लाष्टिक सिट सिधा र तनक्क तन्केको ।<br>• बन्द गुम्बज चारैतिर माटोले प्लाष्टिक च्यापेर बनाईएको ।<br>• अर्ध बन्द गुम्बज एकातिर मात्र च्यापेर खोल्न र बन्द गर्न मिल्ने गरी बनाईएको । | **प्लाष्टिक गुम्बज**<br>• परिचय<br>• प्रकार<br>• बीउ उम्रनको चाहिने तापक्रम ।<br>• सानो होचो अर्धचन्द्राकार प्लाष्टिक गुम्बज बनाउने बिधि ।<br>• सिजन अनुसारको गुम्बज । |

**औजार उपकरण र सामग्री**

कोदालो, कोदाली, हरियो बाँस वा निगालोको भाटा, काठको किला, सिकेचर, हँसिया, अचानो, कोदालो, साबेल, प्लाष्टिक सिट र डोरी (सुत्री) किला ठोक्ने काठको मुङ्ग्रो, काठका किला, र सुरक्षा सम्वन्धी सामग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुट) ।

**सुरक्षा र सावधानी**

व्यक्तिगत सुरक्षा सामग्रीहरु प्रयोग गर्ने ।
औजार उपकरणहरु प्रयोग गर्दा सावधानी अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : ५.५ घण्टा
कूल समय : ६ घण्टा

कार्य (Task) : १२ **नर्सरीका बिरुवाको हेरचाह गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने<br>२ आवश्यक औजार सामग्री उपकरणहरु संकलन गर्ने ।<br>३ बीउ अंकुरण हुनासाथ बेलुकाको समय पारेर छापो हटाउने ।<br>४ नर्सरीमा झार उम्रेको देखिएमा तुरुन्तै चुच्चे कूटोले हलुका खनेर झारपात हटाउने ।<br>५ सुखा मौसममा २ दिनको फरकमा बेर्नाको अवस्था र माटोको चिस्यान हेरी ब्याडमा पानी दिने ।<br>६ बेर्ना ज्यादै बाक्लो भएमा बेड्याउने र पातलो पार्ने ।<br>७ नर्सरीमा बेर्ना कुहिने रोग लागे एक लिटर पानीमा दुई ग्रामका दरले डायथिन एम.४५ वा वेभिष्टिन घोली माटो र बिरुवा भिज्ने गरी छर्कने ।<br>८ ब्याडमा बढी चिस्यान हुन र पानी जम्न नदिने ।<br>९ पात खाने किराले आक्रमण गरेमा मालाथियन झोल २ एम.एल. वा धुलो २ ग्राम एक लिटर पानीमा मिसाई छर्कने<br>१० बकाइनो, निमका दाना वा पातहरु कुटेर त्यसको धुलो वा झोल ब्याडमा छर्केर किराहरु नियन्त्रण गर्ने ।<br>११ जमीनमाथि बसि बिरुवा खाने कीरालाई १ लिटर पानीमा ५-७ ग्राम मेटाराजियम घोलेर छर्कने ।<br>१२ प्रयोगपछि औजार उपकरण र सामग्रीहरु सफा गरी सुरक्षित भण्डार गर्ने । | **दिइएको अवस्था(Given):**<br>बीउ रोपिएको उठेको ब्याड वा चारेतिर डिल भएको ब्याड, प्लाष्टिक थैलामा वा सिड ट्रे,मा रोपिएको बीउ, कुटो, खुर्पी, हजारी, प्लाष्टिकका बाटा, बाल्टी, स्प्रेअर, बिषादि र कार्यस्थल ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>नर्सरी बिरुवाको हेरचाह गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>• बीउ अंकुरण हुनासाथ छापो हटाईको ।<br>• ब्याडलाई सँधै सफा र झारपात रहित राखिएको ।<br>• बिरुवाको वरिपरिको माटो खुकुलो राखिएको<br>• प्लाष्टिक थैला र सिड ट्रेमा पनि झारपात हटाईएको ।<br>• रोग कीरा नियन्त्रणको लागि रोग किरा अनुसारको बिषादि प्रयोग गरिएको । | **बिरुवाको हेरचाह**<br>• परिचय<br>• झारपातले बिरुवामा पार्ने असर<br>• स्वस्थ र निरोगी बिरुवा तयार गर्ने प्रविधि र संरक्षण विधि<br>• ब्याडमा आक्रमण गर्ने रोग कीरा र तिनको रोकथाम गर्ने विधि<br>• औषधी छर्कने बिधि |

**औजार उपकरण र सामग्री**

कुटो, खुर्पी, हजारी, प्लाष्टिकका बाटा, बाल्टी, स्प्रेअर, बिषादि र सुरक्षा सम्वन्धी सामग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुट) ।

**सुरक्षा र सावधानी**

- व्यक्तिगत सुरक्षा सामग्रीहरु प्रयोग गर्ने ।
- औजार उपकरणहरु प्रयोग गर्दा सावधानी अपनाउने ।

## मोड्यूल ५: तरकारी बाली व्यवस्थापन

**सव मोड्यूल: ५.१ प्लाष्टिक घर निर्माण**

| समय : ३ घण्टा (सै) + १४ घण्टा (व्या) = १७ घण्टा |
| --- |
| **वर्णन:**<br>यस सव मोड्यूलमा प्लाष्टिक घरको ले आउट गर्ने र प्लाष्टिक घर निर्माण कार्यसंग सम्बन्धित ज्ञान र सीपहरू समावेश गरिएका छन् ।<br>**उद्येश्यहरू**<br>यस सव मोड्यूलमा प्रशिक्षार्थीहरु निम्न कार्य गर्न सक्षम हुनेछन्:<br>● प्लाष्टिक घरको ले आउट र प्लाष्टिक घर निर्माण गर्न ।<br>**कार्यहरू:**<br>१ प्लाष्टिक घरको ले आउट गर्ने ।<br>२ प्लाष्टिक घर बनाउने । |

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ३ घण्टा
कूल समय : ४ घण्टा

**निर्दिष्ट कार्य १: प्लाष्टिक घरको ले आउट गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ आवश्यक सामाग्रीः औजार, उपकरण संकलन गर्ने ।<br>२ दिनभरमा कम्तिमा ६ देखि ८ घण्टा सुर्यको प्रकाश पर्ने जमीनको छनौट गर्ने ।<br>३ जमीन सम्याउने र सरसफाई गर्ने ।<br>४ छनौट गरिएको जग्गामा ५ मिटर चौडा र १० मिटर लम्वाई मापन गर्ने ।<br>५ आयातकार जमीन रेखाकंन गर्ने ।<br>६ रेखाकंन गरीएको आयातकार जमीनको कुना, मध्य र केन्द्र विन्दुमा चिन्ह लगाउने ।<br>७ चिन्ह लगाएको विन्दुहरुमा काठको किला गाड्ने ।<br>८ किलाहरुमा डोरी वांधी ले आउट तयार गर्ने ।<br>९ प्रयोग भएका औजार उपकरण सफा गरी भण्डारण गर्ने । | **<u>दिइएको अवस्था(Given):</u>**<br>आवश्यक सामाग्री, औजार-उपकरण सहित खनजोत गरी तयार पारिएको जमीन ।<br><br>**<u>निर्दिष्ट कार्य (Task):</u>**<br>प्लाष्टिक घरको ले आउट गर्ने ।<br><br>**<u>मापदण्ड (Standard):</u>**<br>• ५ मिटर चौडा र १० मिटर लम्वाई भएको आयातकार जमीन रेखांकन भएको ।<br>• प्लाष्टिक घर निर्माणको लागि ले आउट तयार भएको । | **<u>प्लाष्टिक घर</u>**<br>• परिचय र प्रकार<br>• प्लाष्टिक घरको ले आउट गर्ने बिधि । |

**आवश्यक औजार उपकरण र सामग्रीः**

हसिया, काठको किलाहरु, कोदालो, कोल्टार वा जलेको मोविल, जुट वा प्लाष्टिकको डोरी, हथौडा, मिटर टेप, सुरक्षा सम्वन्धी उपकरणहरु (चस्मा, पन्जा, मास्क, टोपी, जुत्ता ) ।

**सुरक्षा र सावधानी**

- व्यक्तिगत सुरक्षा उपकरणहरु प्रयोग गर्ने ।
- औजारहरु प्रयोग गर्दा विशेष सावधानी अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : २ घण्टा
व्यावहारिक : ११ घण्टा
कूल समय : १२ घण्टा

**निर्दिष्ट कार्य नं. २: प्लाष्टिक घरको संरचना निर्माण गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ आवश्यक सामाग्रीः औजार, उपकरण संकलन गर्ने ।<br>२ बांसको खावाहरु र भाटाहरु तयार गर्ने ।<br>३ खाँवाहरुको माटोमा गाड्ने भागलाई कालो पेन्ट वा कोल्टार वा जलेको मोविल लगाउने ।<br>४ ले आउट गर्दा किला गाडीएको बिन्दुहरुमा ५० से.मी. गहिरो खाडल खन्ने ।<br>५ खाडलहरुमा बाँसको खांवा गाडी माटोले राम्रोसंग खाँद्ने ।<br>६ बांसका मुख्य ठाडा खाँवाहरुलाई वलो खाँवाहरु र धुरी खाँवाहरुले जोडेर राम्रोसंग बाँध्ने ।<br>७ तेर्सो गरी राखिएका बलो खावा र धुरी खाँवोहरुलाई जोड्ने गरी ५० देखि ६० से.मि. को दुरीमा बाँसका भाटाहरु राखी राम्रोसंग वाध्ने ।<br>८ भाटाहरु दुई पाखामा नै राखिसकेपछि छानोमाथि प्लाष्टिक राखी डोरीको सहायताले राम्रोसंग कसेर बांध्ने ।<br>९ प्रयोग भएका औजार उपकरण सफा गरी भण्डारण गर्ने । | **दिइएको अवस्था(Given):**<br>आवश्यक सामाग्री, औजार-उपकरण सहितको कार्यस्थल/ आउट गरीएको जमीन ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>प्लाष्टिक घरको संरचना निर्माण गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>● भौगोलिक अवस्थाको आधारमा सिफारीस गरिएअनुसारको उचाईको संरचना निर्माण भएको ।<br>● ५ मिटर चौडा र १० मिटर लम्वाईको प्लाष्टिक घर निर्माण भएको । | **प्लाष्टिक घर**<br>● परिचय<br>● प्लाष्टिक घरका फाईदाहरु<br>● प्लाष्टिक घर निर्माण बिधि<br>● भौगिलिक अवस्थितिको आधारमा प्लाष्टिक घरको उचाई मापन<br>● प्रयोग हुने प्लाष्टिकको गुणस्तर<br>● प्लाष्टिक घरमा तरकारी खेती गर्ने तरिका ।<br>● |

**औजार उपकरण र सामाग्रीः**

बाँस, बाँसका भाटाहरु, १००(२०० माईक्रोन वा ४५ - २०० जि एस एम को , हसिया, काठको किलाहरु, फलामको काटीहरु, कोदालो, करौती, खुकुरी, भर्यागं, काठ प्वाल पार्ने मेशिन, जुट वा प्लाष्टिकको डोरी, हथौडा, मिटर टेप र सुरक्षा सम्वन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, जुत्ता ) ।

**सुरक्षा र सावधानी**

- औजारहरु प्रयोग गर्दा PPE सावधानी अपनाउनुपर्दछ ।
- उचाईमा काम गर्दा कामदारको सुरक्षाको ख्याल गर्नुपर्दछ ।

## सव मोड्यूलः ५.२ बिउ/बिरुवा रोपाइ

समय : ५ घण्टा (सै) + १७ घण्टा (व्या) = २२ घण्टा

**वर्णन:**
यस मोड्यूलमा बिउ/बिरुवा रोप्नका लागि आवश्यक पर्ने ज्ञान र सीपहरू समावेश गरिएका छन् ।
**उद्धेश्यहरू:**

यस सव मोड्यूलमा प्रशिक्षार्थीहरु निम्न कार्य गर्न सक्षम हुनेछन्:
- बेमौशमी तरकारी बालीका बीउ/बिरुवा रोप्न ।

**कार्यहरू:**

१ बीउ/बिरुवा रोप्नको लागि ड्याङ/ब्याड बनाउने ।
२ बीउ/बिरुवा छनौट गर्ने ।
३ ड्याङ/ब्याडमा बीउ रोप्ने ।
४ ड्याङ /ब्याडमा बिरुवा रोप्ने ।
५ बिरुवालाई टेका दिने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ५ घण्टा
कूल समय : ६ घण्टा

**निर्दिष्ट कार्य १: बीउ/बिरुवा रोप्नको लागि ड्याङ/ब्याड बनाउने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ आवश्यक सामाग्री, औजार, उपकरण सङ्कलन गर्ने ।<br>२ सबै प्लटमा समानरुपले प्रकाश पर्ने गरी जमीनको छनौट गर्ने ।<br>३ सिँचाइ गर्न, आवत जावत गर्न सजिलो हुने गरी जमीनको छनौट गर्ने ।<br>४ तरकारीका किसिम र जात अनुसार ड्याङ/ब्याड कस्तो बनाउने हो यकिन गर्ने ।<br>५ जमीन खनी खुकुलो पार्ने ।<br>६ बोट देखि बोटको दुरी अनुसार १.२ देखि १.५ मी चौडाई र आवस्यकता अनुसारको लम्बाई राख्ने ।<br>७ दुई ड्याङ / ब्याडको बिचमा ३०-५० से. मि. को बाटो राखी जमीन रेखाकंन गर्ने ।<br>८ बर्षा याममा भए जमीनको सतह बाट १५-२० से. मि. उठेको र अन्य समयमा भए जमीनको सतहमै ड्याङ/ब्याड बनाउने ।<br>९ प्रयोग भएका औजार उपकरण सफा गरी पूर्ववत् अवस्थामा भण्डारण गर्ने । | **<u>दिइएको अवस्था(Given):</u>**<br>आवश्यक सामाग्री, औजार-उपकरण सहित खनजोत गरी तयार भएको जमीन ।<br><br>**<u>निर्दिष्ट कार्य (Task):</u>**<br>बीउ/बिरुवा रोप्नको लागि ड्याङ/ब्याड बनाउने ।<br><br>**<u>मापदण्ड (Standard):</u>**<br>● बोट देखि बोटको दुरी अनुसार १.२ देखि १.५ मी चौडाईको ड्याङ/ ब्याड बनाइएको ।<br>● दुई ड्याङ / ब्याडको बिचमा ३०-५० से. मि. बाटो राखीएको ।<br>● बर्षायाममा भए जमीनको सतह बाट उठेको र अन्य समयमा भए जमीनको सतह सँग मिल्दो ड्याङ तयार भएको । | **<u>ड्याङ/ब्याड</u>**<br>● परिचय<br>● प्रकार<br>● तरकारीका प्रकार र जात अनुसार लाइन देखि लाइनको दुरी र बोट देखि बोटको दुरीको मापन बिधि<br>● ड्याङ/ ब्याड बनाउनाले तरकारी उत्पादनमा हुने बेफाईदा<br>● जमीन रेखाङ्कन बिधि |

**औजार उपकरण र सामाग्री**

कोदालो, कुटो, बाँस वा काठका किला, मसिनो डोरी (सुत्री), मिटर टेप सुरक्षा सम्वन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुट ) ।

**सुरक्षा र सावधानी**

- औजारहरु प्रयोग गर्दा चोटपटक लाग्न नदिन सुरक्षा सामाग्रीहरु□चस्मा, पन्जा, मास्क, टोपी, गमबुट प्रयोग गर्ने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ३ घण्टा
कूल समय : ४ घण्टा

**निर्दिष्ट कार्य २: बीउ/बिरुवाको छनौट गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ आवश्यक सामाग्री, औजार, उपकरण सङ्कलन गर्ने ।<br>२ स्वस्थ र शुद्ध बीउ/बिरुवा छनौट गर्ने ।<br>३ नर्सरीबाट बिरुवा उखेल्नु १ घण्टा अघि हजारीको सहायताले बिरुवाको जरा भिज्ने गरी पानी दिने ।<br>४ कुटोको सहायताले माटो सहितका बिरुवा उखेल्ने ।<br>५ सिड ट्रे वा प्लाष्टिकका थैलामा उमारिएका बिरुवा भए बिरुवा सहितका सिड ट्रे वा प्लाष्टिकका थैला छनौट गर्ने ।<br>६ स्वस्थ, रोग-किरा नलागेको, रिष्टपुष्ट, समान आकार भएका बीउ/बिरुवा छनौट गर्ने ।<br>७ प्रयोगपछि औजार उपकरणहरु सफा गरी पूर्ववत् अवस्थामा भण्डारण गर्ने । | **दिइएको अवस्था(Given):**<br>आवश्यक सामाग्री, औजार, उपकरण बीउ तथा बिरुवा भएको नर्सरी ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>बीउ/बिरुवाको छनौट गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>● रोग-किरा नलागेको, चम्किला, दाना, समान साइजका बीउ छनौट गरिएको ।<br>● अन्य बालिको बीउ नमिसिएको बीउ छनौट गरिएको ।<br>● जरा नचुडिएको माटो सहितका रोग-किरा नलागेका सर्लक्क परेका बिरुवा छनौट गरिएको । | **बीउ/बिरुवाको छनौट**<br>● परिचय<br>● स्वस्थ बीउ/बिरुवाको बाली उत्पादनमा महत्व<br>● स्वस्थ बीउ/बिरुवाको छनौटका फाईदा ।<br>● स्वस्थ बीउ/बिरुवाको छनौटका आधारहरु |

**औजार उपकरण र सामाग्री**

कोदालो, कुटो, हजारी,पानी, बीउ जोख्ने तराजु, बीउ राख्ने भाँडो, बिरुवा बोक्ने ट्रे सुरक्षा सम्वन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुट) ।

**सुरक्षा र सावधानी**

- औजार उपकरणहरु प्रयोग गर्दा विषेश सावधानी अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ३ घण्टा
कूल समय : ४ घण्टा

**निर्दिष्ट कार्य ३: ड्याङ/ब्याडमा बीउ रोप्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ आवश्यक सामाग्री औजार, उपकरण सङ्कलन गर्ने ।<br>२ तरकारीका प्रकार र जात अनुसार लाइन देखि लाइनको दुरी र बोट देखि बोटको दुरी निर्धारण गर्ने ।<br>३ बीउको आकार भन्दा दोब्बर गहिराइमा बीउ रोपी हलुका माटोले छोपी दिने ।<br>४ बीउ रोप्दा उम्रने भागलाई तलतिर पारेर रोप्ने वा सो कार्य असजिलो भएमा बीउ सुताएर रोप्ने ।<br>५ सानो आकार भएका तरकारीका बीउहरु (चम्सुर, धनिया, तोरी, मेथी, प्याज,गाजर आदि) लाई लाइनमा बीउ खसाली धुलो माटो अथवा बालुवाले पातलो (०.५ से.मी.) गरी छोप्ने ।<br>६ ठुलो आकार भएका तरकारीका बीउहरु (काक्रा, फर्सी, करेला, लौका, भिण्डी आदि ) लाइ लाइनमा डोब बनाई (२ देखि ५ से.मि. गहिराइमा) २ दानाका दरले बीउ खसाली हलुका माटोले छोपी दिने ।<br>७ बीउ रोपी सकेपछि छापो दिने ।<br>८ हजारीको सहायताले हलुका सँग ४-५ से. मी. भिज्ने गरी पानी दिने ।<br>९ प्रयोगपछि औजार उपकरणहरु सफा गरी पूर्ववत अवस्थामा भण्डारण गर्ने । | **दिइएको अवस्था(Given):**<br>आवश्यक सामाग्री औजार उपकरण सहितको तयारी जमीन, तरकारीको बीउ ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>ब्याड/ड्याडमा बीउ रोप्ने ।<br><br>**मापदण्ड (Standard):**<br>● बाली अनुसार लाइन देखि लाइन र बोट देखि बोटको दुरी मिलाइएको ।<br>● उपयूक्त गहिराइमा उम्रने भागलाई तलतिर पारेरे वा सुताएर बीउ रोपेर पुरिएको ।<br>● सोझै बीउ रोपीएका तरकारी लागि बीउ रोपी सकेपछि जमीनको सतह नदेखिने गरी एकनासले छापो दिइएको ।<br>● ४-५ से.मी. माटो भिज्ने गरी हलुका सँग सिँचाइ गरिएको । | **ब्याड/ड्याङमा बीउ रोपाई**<br>● तरकारी बालीका प्रकार र जात अनुसार बीउ रोप्दा आवश्यक दुरी र गहिराई मापन गर्ने बिधि ।<br>● ब्याड/ड्याडमा बीउ रोप्ने बिधि<br>● बीउलाई पानीमा भिजाई रोप्दा हुने फाइदा । |

**औजार उपकरण र सामाग्री**

लेवल वा ट्याग सहितको बीउ, कुटे, मसिनो डोरी (सुतरी), मिटर टेप, हजारी, मल्चिङ सामाग्री ( खर, पराल,जुटको बोरा), सुरक्षा सम्वन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुट ) ।

**सुरक्षा र सावधानी**

- औजारहरु प्रयोग गर्दा विशेष सावधानी अपनाउनुपर्दछ ।
- बीउको उपचार विषादीले गरिएको हुँदा विषादीको असरबाट बच्नको लागि बीउको सम्पर्कमा रहने व्यक्तिहरुले सुरक्षा सम्वन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुट ) लगाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ३ घण्टा
कूल समय : ४ घण्टा

**निर्दिष्ट कार्य ४: ड्याङ /ब्याडमा बिरुवा रोप्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ आवश्यक सामाग्री औजार, उपकरण सङ्कलन गर्ने ।<br>२ सिफारिस अनुसार तरकारीका प्रकार र जात अनुसार लाइन देखि लाइनको दुरी र बोट देखि बोटको दुरी निर्धारण गर्ने ।<br>३ निर्धारित दुरीमा प्वाकल वा डोब बनाउने ।<br>४ प्वाकल वा डोबमा सिफरिस मात्रामा मल राखी माटोमा मिलाउने ।<br>५ प्लाष्टिक थैलामा उमारिएका बिरुवा भए जरा नकाटिने, माटो नझर्ने गरी ब्लेडले प्लाष्टिक काटी हटाउने ।<br>६ सिड ट्रेमा उमारिएका बिरुवा भए माटो सहित जरा नचुँडिने गरी हलुका सँग बिरुवा उखेल्ने ।<br>७ जरा नचुडिएको माटो सहितका बिरुवा प्वाकल वा डोबमा रोपी जराको भाग मात्र छोपिने गरी पुर्ने ।<br>८ नर्सरीबाट मुख्य ड्याङ/ब्याडमा बेलुकीपख मात्र बिरुवा सार्ने ।<br>९ बिरुवा रोपी सकेपछि हजारीको सहायताले जरा भिज्ने गरी हलुकासँग पानी दिने ।<br>१० प्रयोगपछि औजार उपकरणहरु सफा गरी पूर्ववत अवस्थामा भण्डारण गर्ने । | **<u>दिइएको अवस्था(Given):</u>**<br>• आवश्यक सामाग्री औजार उपकरण, तरकारीका स्वस्थ बिरुवा सहितको तयारी जमीन ।<br><br>**<u>निर्दिष्ट कार्य (Task):</u>**<br>ड्याङ/ब्याडमा बिरुवा रोप्ने ।<br><br>**<u>मापदण्ड (Standard):</u>**<br>• लाइन देखि लाइन र बोट देखि बोटको दुरी सिफारिस गरिए अनुसार बिरुवा रोपिएको ।<br>• प्लाष्टिक थैलामा उमारिएका बिरुवा भए जरा नकाटिने, माटो नझर्ने गरी ब्लेडले प्लाष्टिक काटी हटाइएको ।<br>• सिड ट्रेमा उमारिएका बिरुवा भए जरा नचुँडिने गरी हलुका गरी माटोसहित बिरुवा उखेलिएको ।<br>• बिरुवा सार्दा जरा र काण्डको जोर्नी सम्ममात्र माटोले पुरिएको ।<br>• बिरुवा रोपिएको ड्याङ /ब्याडमा बिरुवाको जरा भिज्ने गरी हलुका सिँचाइ गरिएको । | **<u>ड्याङ /ब्याडमा बिरुवा रोपाई</u>**<br>• परिचय<br>• बिरुवा सार्ने समय र फाइदाहरु<br>• बिरुवाको ड्याङ/ब्याडमा सिँचाइ गर्ने बिधि ।<br>• ड्याङ/ब्याडमा बिरुवा रोप्ने बिधि |

**औजार उपकरण र सामाग्री**

कुटे, मसिनो डोरी (सुतरी), मिटर टेप, हजारी, मलखाद, बिरुवा, सुरक्षा सम्बन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुट) ।

**सुरक्षा र सावधानी**

- औजारहरु प्रयोग गर्दा विशेष सावधानी अपनाउने ।
- बोट नभाँचिने/नढल्ने गरी बोटबिरुवामा सिँचाई गर्ने ।

# कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ३ घण्टा
कूल समय : ४ घण्टा

**निर्दिष्ट कार्य ५: ब्याड/ड्याङका बिरुवालाई टेका दिने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ आवश्यक सामाग्री, औजार, उपकरण सङ्कलन गर्ने ।<br>२ ५० से. मी लम्बाइका बाँस वा काठका मसिना किला (कप्टेरा) तयार गर्ने ।<br>३ ब्याडमा सारिएका बिरुवाको नजिकै जरालाई असर नगर्ने गरी १०-१२ से. मी. गहिरो गरी किलालाई गाड्ने ।<br>४ मसिनो सुतरीको सहायताले बिरुवा (विशेष गरी फल समुहका बाली र लहरे समुहका बालीका बिरुवाहरु) लाई ठाडो गरेर बाँध्ने ।<br>५ चर्को घाम र ठण्डी (तुसारो) बाट बचाउन केराको सुप्ला त्रिभुजाकार पारेर वा कुनै ठूला आकारका पातहरुको सोली बनाई २-३ दिन सम्म बिरुवालाई असर नपुऱ्याई छोप्ने ।<br>६ प्रयोगपछि औजार उपकरणहरु सफा गरी पूर्ववत अवस्थामा भण्डारण गर्ने । | **दिइएको अवस्था(Given):**<br>● आवश्यक सामाग्री औजार उपकरण सहित बिरुवा सारिएको ड्याङ/ब्याड ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>ब्याड/ड्याङका बिरुवालाइ टेका दिने ।<br><br>**मापदण्ड (Standard):**<br>● १०-१२ से. मी गहिराइमा रोपिएका बिरुवालाई असर नगर्ने गरी टेका गाडिएको ।<br>● बिरुवा ठाडो पारी हलुका सँग टेकामा सुत्रीले बाँधिएको ।<br>● जाडो महिनामा तुसारो र गर्मी महिनामा घामबाट बचाउन केराको सुप्ला त्रिभुजाकार पारेर वा कुनै ठूला आकारका पातहरुको सोली बनाई बिरुवालाई असर नपुऱ्याउने गरी छोपिएको । | **टेका**<br>● परिचय र उपयोगिता<br>● साना बिरुवालाई दिने टेकाको महत्व ।<br>● टेका लगाउने बिधि । |

**औजार उपकरण र सामाग्री**

किला ठोक्ने काठ/बाँसको मुङ्ग्रो, काठ/बाँसका किला, कुटे, डोरी (सुतरी) सुरक्षा सम्बन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुट)

**सुरक्षा र सावधानी**

- औजारहरु प्रयोग गर्दा विशेष सावधानी अपनाउने ।
- साना बिरुवालाई असर नपुऱ्याउने गरी छोप्ने ।

## सव मोड्यूल ५.३ □ बिरुवाको हेरचाह

| समय : ५ घण्टा (सै) + २२ घण्टा (व्या) = २७ घण्टा |
|---|
| **वर्णन:**<br>यस मोड्यूलमा बेमौशमी तरकारी बालीको हेरचाह गर्न आवश्यक पर्ने ज्ञान र सीपहरू समावेश गरिएका छन् ।<br>**कार्यहरू:**<br>यस सव मोड्यूलमा प्रशिक्षार्थीहरु निम्न कार्य गर्न सक्षम हुनेछन्:<br>• तरकारी बालीको हेरचाह गर्न ।<br>**कार्यहरू:**<br>१ जिवित बारबन्देज लगाउने ।<br>२ टेका दिने ।<br>३ मल्चिङ गर्ने ।<br>४ गोडमेल गर्ने ।<br>५ थप मल दिने ।<br>६ उकेरा दिने ।<br>७ थांका दिने ।<br>८ कांटछांट गर्ने । |

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ५ घण्टा
कूल समय : ३ घण्टा

**कार्य (Task):** १. जिवित बारबन्देज लगाउने ।

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने ।<br>२ आवश्यक सामाग्री, औजार, उपकरण सङ्कलन गर्ने ।<br>३ होचा र सजिलै प्रसारण गर्न सकिनेजिवित बारबन्देजका लगि उपयुक्त प्रजातिका बिरुवा छनौट गर्ने ।<br>४ बहुउपयोगी बिरुवाहरु (टिमुर,ऐंसेलु, ल्बाकबेरी (blackberry), असुरो, सजिवन, नीम, तितेपाती, सिस्नो) संकलन गर्ने ।<br>५ बिरुवाहरुको प्रसारण बिधि एकिन गर्ने ।<br>६ बिरुवाहरु मिश्रित रुपमा लगाउने ।<br>७ बिरुवा रोप्ने दुरी र स्थान निर्धारण गर्ने ।<br>८ निर्धारित स्थानमा प्वाकल बनाउने ।<br>९ बिरुवा रोप्ने ।<br>१० हलुका सिँचाई गर्ने ।<br>११ जिवित बारबन्देज लगाउन नसकेको अवश्थामा बाँस/काठका घोचाहरु प्रयोग गरी बार लगाउने ।<br>१२ औजार उपकरणहरु सफा गरी पूर्ववत अवस्थामा भण्डारण गर्ने । | **दिइएको अवस्था(Given):**<br>बारबन्देजका लगि उपयुक्त प्रजातीका बिरुवा सहितको कार्यस्थल ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>जिवित बारबन्देज लगाउने ।<br><br>**मापदण्ड(Standard):**<br>● होचा र सजिलै प्रसारण गर्न सकिने जिवित बारबन्देजका लगि उपयुक्त प्रजातिका बहुउपयोगी बिरुवा छनौट गरिएको ।<br>● बिरुवाहरु मिश्रित रुपमा लगाइएको ।<br>● निर्धारित दुरी कायम गरी बिरुवा लगाइएको ।<br>● बिरुवा रोपी हलुका सिँचाई गरिएको । | **जिवित बारबन्देज**<br>● परिचय,<br>● महत्व<br>● जिवित बारबन्देज लगाउनुको फाइदा<br>● लगाउने बिधि |

**औजार उपकरण र सामग्री**

कुटो, सिकेचर, खुर्पी, हजारी, जिवित बारबन्देजका प्रसारण सामाग्री र सुरक्षा सम्वन्धी सामग्रीहरु (चस्मा, पन्जा, मास्क टोपी, गमबुट) ।

**सुरक्षा र सावधानी**

- औजार उपकरणहरु प्रयोग गर्दा सावधानी अपनाउने ।
- बारबन्देजका प्रसारण सामाग्रीमा काँडाहरु हुनसक्ने भएकाले सावधानी अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : ०.५ घण्टा
व्यावहारिक : २.५ घण्टा
कूल समय : ३ घण्टा

**निर्दिष्ट कार्य २: बिरुवालाई टेका दिने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने ।<br>२ आवश्यक सामाग्री, औजार, उपकरण सङ्कलन गर्ने ।<br>३ २० देखि ५० से. मी लम्बाइका बाँस वा काठका मसिना किला (कप्टेरा) तयार गर्ने।<br>४ ब्याडमा सारिएका बिरुवाको नजिकै जरालाई असर नगर्ने गरी १०-१२ से. मी. गहिरो गरी किलालाई गाड्ने ।<br>५ मसिनो सुतरीको सहायताले बिरुवा (विशेष गरी फल समुहका बाली र लहरे समुहका बालीका बिरुवाहरुलाई ठाडो गरेर बाँध्ने ।<br>६ चर्को घाम र ठण्डी (तुसारो) बाट बचाउन केराको सुप्ला त्रिभुजाकार पारेर वा कुनै ठूलाआकारका पातहरुको सोली बनाई २-३ दिन सम्म बिरुवालाई असर नपुर्‍याई छोप्ने ।<br>७ प्रयोगपछि औजार उपकरणहरु सफा गरी पूर्ववत अवस्थामा भण्डारण गर्ने । | **<u>दिइएको अवस्था(Given):</u>**<br>● आवश्यक सामाग्री औजार उपकरण सहित बिरुवा सारिएको ड्याङ/ब्याड ।<br><br>**<u>निर्दिष्ट कार्य (Task):</u>**<br>बिरुवालाइ टेका दिने ।<br><br>**<u>मापदण्ड (Standard):</u>**<br>● १०-१२ से. मी गहिराइमा रोपिएका बिरुवालाई असर नगर्ने गरीटेका गाडिएको ।<br>● बिरुवा ठाडो पारी हलुका सँग टेकामा सुत्रीले बाँधिएको ।<br>● जाडो महिनामा तुसारो र गर्मी महिनामा घामबाट बचाउन केराको सुप्ला त्रिभुजाकार पारेर वा कुनै ठूलाआकारका पातहरुको सोली बनाई बिरुवालाई असर नपुर्‍याइ छोपिएको । | **<u>टेका</u>**<br>● परिचय<br>● टेका दिनु पर्ने र नपर्ने तरकारी बालीको परिचय<br>● प्रकार<br>● साना बिरुवालाई टेका दिनुको महत्व ।<br>● टेका लगाउने बिधि । |

**औजार उपकरण र सामाग्री**

किला ठोक्ने काठ/बाँसको मुङ्ग्रो, काठ/बाँसका किला, कुटे, डोरी (सुतरी) सुरक्षा सम्बन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुट) ।

**सुरक्षा र सावधानी**

- औजारहरु प्रयोग गर्दा विशेष सावधानी अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : २.५ घण्टा
कूल समय : ३ घण्टा

**निर्दिष्ट कार्य (Task): ३ छापो (मल्चिङ गर्ने) हाल्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने<br>२ आवश्यक औजार सामग्री उपकरणहरु संकलन गर्ने ।<br>३ सुकेको पराल/खर/घाँस, जुटको बोरा, अखवारी कागज, जैबिक पद्धतीद्वारा बीचछेदन हुने अन्यमल्चिङ सामाग्रीहरु संकलन गर्ने ।<br>४ कुहिएको पराल/खर/घाँस जुटको बोरा, अखवारी कागजमा ढुसि लागेका छ भने छुट्ट्याएर हटाउने ।<br>५ बिरुवा रोपिसकेपछि हलुका सिँचाई गर्ने ।<br>६ बिरुवा रोपिसकेपछि सुकेको, जुटको बोरा पराल/खर/घाँस, वाजैबिक पद्धतीद्वारा बीचछेदन हुनसक्ने अन्यमल्चिङ सामाग्रीले बिरुवा नछोपिने र ड्याङको माटो नदेखिने गरि छापो हाल्ने ।<br>७ प्रयोगपछि औजार उपकरणहरु सफा गरी पूर्ववत अवस्थामा भण्डारण गर्ने । | **दिइएको अवस्था(Given):**<br>बिरुवा रोपिएको ब्याड/ड्याङ, सुकेको पराल/खर/घाँस, जुटको बोरा, अखवारी कागज र जैबिक पद्धतीद्वारा बीचछेदन हुने अन्यमल्चिङ सामाग्री कार्यस्थल ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>छापो हाल्ने ( मल्चिङ गर्ने)<br><br>**मापदण्ड(Standard):**<br>• जैविक पद्धतिद्वारा कुहिने मल्चिङ सामाग्रीको मात्र प्रयोग गरिएको ।<br>• छापोले ब्याडको सबैतिर समान रुपमा माटो नदेखिने गरि छोपिएको ।<br>• बिरुवा नछोपिने गरि छापो हालिएको । | **छापो**<br>• परिचय<br>• फाइदा<br>• छापोको सामाग्रीको परिचय ।<br>• छापो हाल्ने बिधि । |

**औजार उपकरण र सामग्री**

सुकेको पराल/खर/घाँस, जुटको बोरा, अखवारी कागज, जैबिक पद्धतीद्वारा बीचछेदन हुनसक्ने अन्यमल्चिङ सामाग्री, सुरक्षा सम्वन्धी सामग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुट ।

**सुरक्षा र सावधानी**

- व्यक्तिगत सुरक्षा सामग्रीहरु प्रयोग गर्ने ।
- औजार उपकरणहरु प्रयोग गर्दा सावधानी अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : २.५ घण्टा
कूल समय : ३ घण्टा

**निर्दिष्ट कार्य (Task):४ गोडमेल गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने<br>२ आवश्यक औजार सामग्री उपकरणहरु संकलन गर्ने ।<br>३ झार उम्रेको देखिएमो कुटोले हलुका खनेर वा जरैसंग उखेलेर झारपात हटाउने ।<br>४ माटो खुकुलो पार्ने ।<br>५ विरुवाको जरा नकाटिने गरी उकेरा दिने ।<br>६ गोडमेल पछि हलुका सिँचाई गर्ने ।<br>७ प्रयोगपछि औजार उपकरणहरु सफा गरी पूर्ववत अवस्थामा भण्डारण गर्ने । | **दिइएको अवस्था(Given):**<br>तरकारीका बिरुवा भएको झारपात उम्रिएको कार्यस्थल ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>गोडमेल गर्ने ।<br><br>**मापदण्ड(Standard):**<br>• बिरुवालाई असर नगरी झारपात हटाइ सफा गरिएको ।<br>• बिरुवाको वरिपरिको माटो खुकुलो राखिएको<br>• गोडमेल पछि हलुका सिँचाई गरिएको । | **गोडमेल**<br>• परिचय<br>• फाइदाहरु<br>• झारपातले बालीनालीमा पार्ने असर<br>• झारपात हटाउने बिधि ।<br>• गोडमेल पछि सिँचाईको महत्व । |

**औजार उपकरण र सामग्री**
कुटो, खुर्पी र सुरक्षा सम्वन्धी सामग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुट) ।

**सुरक्षा र सावधानी**

- व्यक्तिगत सुरक्षा सामग्रीहरु प्रयोग गर्ने ।
- औजार उपकरणहरु प्रयोग गर्दा सावधानी अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : २.५ घण्टा
कूल समय : ३ घण्टा

**निर्दिष्ट कार्य (Task): ५. थप मल दिने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने ।<br>२ आवश्यक औजार सामग्री उपकरणहरु संकलन गर्ने ।<br>३ सिफारिस मात्राको यूरिया वा प्राङ्गारिक मल ( गड्यौले मल, कम्पोस्ट मल, पिना, बोकासी, झोल मल) संकलन गर्ने ।<br>४ बिरुवा बढ्ने अवस्था, फूल फूल्ने-फल लाग्ने समय एकिन गर्ने ।<br>५ बाली अनुसारको मलको सिफारिस मात्रा एकिन गर्ने ।<br>६ मल दिदाँ बिरुवाको जरालाइ असर नगर्ने गरी ३-४ से.मी. गहिरो औंठी आकार (रिङ) बनाउने ।<br>७ रिङमा सफारिस मात्रामा मल राखी माटोले छोपी हलुका सिँचाई गर्ने ।<br>८ झोल मल दिँदा स्प्रेयरको सहायताले बिरुवाको पातमा सबैतिर पर्ने गरी स्प्रे गर्ने ।<br>९ प्रयोगपछि औजार उपकरणहरु सफा गरी पूर्ववत अवस्थामा भण्डारण गर्ने । | **<u>दिइएको अवस्था(Given):</u>**<br>आवश्यक सामाग्री तथा मल सहित मल हाल्ने अवस्थाका विरुवा सहितको कार्यस्थल ।<br><br>**<u>निर्दिष्ट कार्य (Task):</u>**<br>थप मल दिने ।<br><br>**<u>मापदण्ड (Standard):</u>**<br>• सिफारिस मात्रामा मल हालिएको ।<br>• सोझै विरुवाको डांठ र जरामा नपर्ने गरी औंठी आकारमा मल हाली मललाई माटोले पुरिएको ।<br>• झोल मल भए स्प्रेयरको सहायताले बिरुवाको पातमा सबैतिर पर्ने गरी स्प्रे गरिएको ।<br>• थप मल दिई जरामात्र भिज्ने गरी हलुका सिँचाई गरिएको । | **<u>थप मल</u>**<br>• परिचय<br>• उपयूक्त मलका किसिम<br>• थप मल दिने विधि र समय<br>• मल, त्यसको मात्रा तथा विरुवाको आवश्यकता |

**औजार, उपकरण र सामग्रीहरु :**

कुटो, खुर्पी, हजारी, प्लाष्टिकका बाटा, बाल्टी, स्प्रेअर, प्राङ्गारिक मल (गड्यौले मल, कम्पोस्ट मल, पिना, झोल मल), स्प्रेयर र सुरक्षा सम्वन्धी सामग्रीहरु (चस्मा, पन्जा, टोपी, गमबुट) ।

**सुरक्षा तथा सावधानीः**

- औजार उपकरणहरु प्रयोग गर्दा सावधानी अपनाउने ।
- मल हाल्दा बिरुवाको जरालाई नहल्लाउने ।

## कार्य विश्लेषण(Task Analysis)

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : २.५ घण्टा
कुल समय : ३ घण्टा

**निर्दिष्ट कार्य (Task) ६ : उकेरा लगाउने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने ।<br>२ आवश्यक सामाग्री, औजार, उपकरण सङ्कलन गर्ने ।<br>३ उकेरा लगाउनुपर्ने बाली/विरुवा छनौट गर्ने ।<br>४ विरुवा वरिपरिको झारपात हटाउने ।<br>५ माटो खुकुलो पार्ने ।<br>६ विरुवाको जरा नकाटिने गरि वरिपरिको माटो खुकुलो पार्ने ।<br>७ बिरुवाको फेदमा उमेर अनुसार ५-१० से. मी उकेरा दिने ।<br>८ हलुका सिँचाई गर्ने ।<br>९ प्रयोगपछि औजार उपकरणहरु सफा गरी पूर्ववत अवस्थामा भण्डारण गर्ने । | **दिइएको अवस्था(Given):**<br>आवश्यक सामाग्री औजार उपकरण सहित उकेरा लगाउने अवस्थाका तरकारीका बिरुवा भएको कार्यस्थल ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>उकेरा लगाउने ।<br><br>**मापदण्ड (Standard):**<br>• सफासँग झार गोडिएको ।<br>• बिरुवा नढलेको ।<br>• विरुवाको जरा नछोइने गरि वरिपरिको माटो ५ देखि १० से मी उठाइएको ।<br>• उकेरा दिए पछि हलुका सिँचाई गरिएको । | **उकेरा**<br>• परिचय<br>• महत्व तथा फाइदा<br>• झार गोडमेल तथा उकेरा लगाउने विधि<br>• उकेरा लगाउने समय/अवस्था |

**औजार, उपकरण र सामग्रीहरु :**

कुटो, कोदालो, खुर्पी, हजारी, र सुरक्षा सामग्रीहरु (चस्मा, पन्जा, टोपी, गमबुट) ।

**सुरक्षा तथा सावधानी:**

- औजार उपकरणहरु प्रयोग गर्दा सावधानी अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : २.५ घण्टा
कुल समय : ३ घण्टा

**निर्दिष्ट कार्य (Task) ७ :थाँक्रा दिने ।**

| **कार्य चरणहरु (Steps)** | **प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने ।<br>२ आवश्यक सामाग्री, औजार, उपकरण सङ्कलन गर्ने ।<br>३ थाँक्रा लगाउनुपर्ने बाली/विरुवा छनौट गर्ने ।<br>४ विरुवाको उचाँइ तथा प्रकार अनुसार थाकाको उचाँइ तथा प्रकार निर्धारण गरि थाका तयार गर्ने ।<br>५ काठ/बाँसका थाक्रा भए विरुवा छेउमा जरालाइ असर नगर्ने गरी १५-२० से.मी. गहिराईमा गाड्ने ।<br>६ बिरुवालाई डोरी वा काठ/बांसको थाँक्रामा चढाउने ।<br>७ निर्माण भएका थाका विरुवा छेउमा लगेर डोरीले अंग्रेजी ∞ आकारको गाँठो पारी बाँधेर अड्याउने । | **<u>दिइएको अवस्था(Given):</u>**<br>आवश्यक सामाग्री औजार उपकरण सहित थाक्रा हाल्ने अवस्थाका विरुवा सहितको कार्यस्थल ।<br><br>**<u>निर्दिष्ट कार्य (Task):</u>**<br>थाँक्रा दिने ।<br><br>**<u>मापदण्ड (Standard):</u>**<br>• थाँक्रा विरुवाको छेउमा जरालाइ असर नगर्ने गरी १५-२० से.मी. गहिरो गरी ठाडो पारी गाडिएको ।<br>• बिरुवा प्रकार अनुसारको थाँक्राको प्रयोग गरिएको ।<br>• बिरुवालाई थाँक्रामा चढाइएको । | **<u>थाँक्रा</u>**<br>• परिचय<br>• प्रकार<br>• विरुवाको थाँका दिने अवस्था तथा उमेर<br>• थाँका लगाउने विधि |

**औजार उपकरण र सामाग्री**

खन्ती, किला ठोक्ने काठ/बाँसको मुङ्ग्रो, थाँक्रा, कुटे, डोरी (सुतरी) सुरक्षा सम्बन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुट)

**सुरक्षा तथा सावधानीः**

- औजार उपकरणहरु प्रयोग गर्दा सावधानी अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : २ घण्टा
कूल समय : ३ घण्टा

**निर्दिष्ट कार्य (Task): ८. काँटछाँट गर्ने ।**

| **कार्य चरणहरु (Steps)** | **प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने ।<br>२ आवश्यक सामाग्री, औजार, उपकरण सङ्कलन गर्ने ।<br>३ काँटछाटको गर्नुपर्ने बिरुवा र औजार छनौट गर्ने ।<br>४ बिरुवामा बाली अनुसार एक वा दुई मुख्य हांगा राखी अन्य नचाहिने हाँगा, फल, रोगकीरा लागेका, सुकेका, खप्टिएका भागहरु काटेर हटाउने ।<br>५ बिरुवाको फेदको एकफुटभन्दा मुनिको हांगा र पात हटाउने ।<br>६ मुलबोटलाई असर नपर्ने, नलाछिने गरी काँटछाट गर्ने ।<br>७ काँटछाट गर्दा चोट लागेको ठाँउका बोर्डेक्स पेस्ट लगाउने ।<br>८ काँटछाटबाट निस्केका विरुवाका भागहरु बारी भन्दा टाढा खाल्डो बनाइ पुर्ने ।<br>९ उपयोग भएका औजार तथा सामाग्रीहरु सफा गरी भण्डारण गर्ने । | **दिइएको अवस्था(Given):**<br>• आवश्यक सामाग्री औजार उपकरण सहित काँटछाट गर्नुपर्ने विरुवा भएको कार्यस्थल ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>काँटछाँट गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>• नचाहिने हाँगा, फल, रोगकीरा लागेका, सुकेका, खप्टिएका भागहरु काटेर हटाइएको ।<br>• मुलबोटलाई असर नपर्ने, नलाछिने गरी बिरुवाको फेदको एकफुटभन्दा मुनिको हांगा र पात हटाई काँटछाट गरिएको । | • **काँटछाट**<br>• परिचय<br>• महत्व<br>• काँटछाटका बिधि<br>• काँटछाटको महत्व तथा फाइदा<br>• विरुवाको काँटछाट गर्ने समय र अवस्था । |

**औजार, उपकरण र सामग्रीहरु :**

हेज-सेयर, सिकेचर, ब्लेड, झोला, सुरक्षा सम्बन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुट)

**सुरक्षा तथा सावधानी:**

- औजार उपकरणहरु प्रयोग गर्दा सावधानी अपनाउने ।

## सव मोड्यूल ५.४ सिचाई

| समय : ४ घण्टा (सै) + १३ घण्टा (व्या) = १७ घण्टा |
| --- |
| **वर्णन:**<br>यस मोड्यूलमा बेमौशमी तरकारी उत्पादक पेशामा सिंचाई कार्यसँग सम्बन्धित ज्ञान र सीपहरू समावेश गरिएका छन् ।<br>**उद्येश्य:**<br>यस सव मोड्यूलमा प्रशिक्षार्थीहरु निम्न कार्य गर्न सक्षम हुनेछन्:<br><br>● विभिन्न तरिकाबाट बेमौशमी तरकारी बालीमा सिंचाई गर्न ।<br><br>**कार्यहरू:**<br><br>१ सिंचाइका लागि पानी संकलन गर्ने ।<br>२ हजारीबाट सिंचाई गर्ने ।<br>३ कुलो /पैनी सिंचाई गर्ने ।<br>४ पाइप सिंचाई गर्ने ।<br>५ फोहोरा सिंचाई गर्ने ।<br>६ थोपा सिंचाई गर्ने । |

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ५ घण्टा
कूल समय : ६ घण्टा

**निर्दिष्ट कार्य (Task):** १. सिंचाइका लागि पानी संकलन गर्ने ।

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कार्य सम्बन्धी आवश्यक जानकारी लिने ।<br>२ आवश्यक औजार सामाग्रीहरु संकलन गर्ने ।<br>३ **पहिलो:** घरायसी हातमुख, भाँडा, लुगा धोएको पानी प्लाष्टिक पोखरीमा संकलन गर्ने ।<br>• दिईएको ठाउंमा दुई मिटर लामो डेढ मिटर चौडा र एक मिटर गहिरो खाडल खन्ने ।<br>• यसको चारैतिरको सतह खाँदेर सम्म र एकनासको चिल्लो बनाउने ।<br>• दिईएको प्लाष्टिक खाडलको चारैतिर भित्तामा मिलाएर बिछ्याउने ।<br>• पोखरीमा घरायसी प्रयोगपछि निस्कने पानी संकलन गर्ने ।<br>४ **दोश्रो:** समुदायलाई पायक पर्ने ठाउंमा प्लाष्टिक पोखरीमा सार्बजनिक धारा, पँधेराको पानी संकलन गर्ने ।<br>५ हिउंद वा मनसुनी बर्षाको अन्त्यतिर बर्षातको पानी संकलन गर्ने ।<br>६ प्रयोगपछि उपकरण तथा सामाग्रीहरुलाई राम्रोसंग सफा गरी उचित स्थानमा भण्डारण गर्ने । | **<u>दिइएको अवस्था(Given):</u>**<br>औजार उपकरण प्लाष्टिक शीट र कार्यस्थल<br><br>**<u>निर्दिष्ट कार्य (Task):</u>**<br>सिंचाइका लागि पानी संकलन गर्ने ।<br><br>**<u>मापदण्ड(Standard):</u>**<br>• कालो वा निलो रंगको प्लाष्टिक छनोट गरिएको ।<br>• दुई मिटर लामो डेढ मिटर चौडा र एक मिटर गहिरो खाडल खनिएको ।<br>• खाडलको चारैतिर भित्तामा माटो खादेर चिल्लो बनाईएको ।<br>• खाडलको चारैतिर भित्तामा प्लाष्टिक टाँसेर माथि डिलमा माटोले च्यापेर अड्याईएको । | **<u>सिंचाई</u>**<br>• परिचय<br>• पानीका स्रोतहरुको परिचय<br>• उपलब्ध पानीको उपयोग गर्ने प्रविधि ।<br>• संकलन गर्ने विधिहरु<br>• प्लाष्टिक पोखरी निर्माण गर्ने विधि |

**औजार, उपकरण र सामाग्रीहरुः** कोदाली, साबेल, पिक, फलामको कराहि, चस्मा, मास्क, पन्जा गम्वुट ।

**सुरक्षा तथा सावधानी**

- व्यक्तिगत सुरक्षा सामग्रीहरु प्रयोग गर्ने ।
- औजार उपकरणहरुप्रयोग गर्दा सावधानी अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : १.५ घण्टा
कूल समय :२ घण्टा

**निर्दिष्ट कार्य (Task):** २. हजारीबाट सिंचाई गर्ने ।

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ हजारी सिंचाई सम्बन्धी आवश्यक जानकारी लिने ।<br>२ आवश्यक औजार उपकरणहरु संकलन गर्ने ।<br>३ नचुहिने, नोजलका प्वालहरु एकै नाशको भएको प्लाष्टिकको सफा हजारी छनोट गर्ने ।<br>४ हजारीमा घाँटी सम्म पानी भर्ने ।<br>५ नर्सरी ब्याड, प्लाष्टिक थैला र सिड ट्रेमा उमारिएका बिरुवा र भर्खरै मुख्य खेतमा सारिएका बिरुवालाई माटोको चिस्यानको अवस्था अनुसार एकनाससंग ४ देखि ५ से मी भिज्ने गरी हजारीबाट सिंचाई गर्ने ।<br>६ सिड ट्रेमा उमारिएका बिरुवामा सावधानीपुर्वक छापो पल्टाएर सिंचाई गरी पुन छोप्ने ।<br>७ सिचाई पछि हजारी सफा गरी यथास्थानमा राख्ने । | **दिइएको अवस्था(Given):**<br>औजार तथा सामाग्री -नचुहिने नोजल सहितको हजारी, पानीको स्रोत, बिरुवा उमारिएको ब्याड, भर्खरै बिरुवा सारेको कार्यसथल ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>हजारीबाट सिंचाई गर्ने ।<br><br>**मापदण्ड(Standard):**<br>● चुहावटरहित हजारी छनोट गरिएको<br>● ब्याडको सबै भाग भिज्ने गरी सिँचाइ गरिएको<br>● भर्खरै सारेको बिरुवाको वरिपरि भिज्ने गरी हलुकासंग सिचाई गरिएको ।<br>● हावाको वेग तथा दिशालाई समेत ध्यान पुऱ्याई सिंचाई गरिएको । | **हजारी सिंचाई**<br>● परिचय<br>● विरुवाको उमेर अवस्था अनुसार सिँचाई गर्ने तरिका, मात्रा र समयान्तर ।<br>● हजारीका पुर्जा, तिनको महत्व र काम । |

**औजार उपकरण र सामग्री**

मिश्रण भरेको प्लाष्टिक थैला, कोको पिट र मिश्रण भरेकोसिड ट्रे रब्याडमा रोपिएको बीउ र खेतमा सारिएका बिरुवाहरु सुरक्षा सम्वन्धी सामग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, गमबुट) ।

**सुरक्षा र सावधानी**

- व्यक्तिगत सुरक्षा सामग्रीहरु प्रयोग गर्ने ।
- औजार उपकरणहरु प्रयोग गर्दा सावधानी अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : २ घण्टा
कूल समय :३ घण्टा

**कार्य (Task): ३ कुलो/पैनीबाट सिंचाई गर्ने । .**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ कुलो/पैनी सिंचाई सम्बन्धी आवश्यक जानकारी लिने ।<br>२ आवश्यक औजार उपकरणहरु संकलन गर्ने ।<br>३ पानीको श्रोतबाट कुलोद्धारा खेतवारीमा पानी हुल्ने ।<br>४ पहिले एक गरा वा पाटो भिजे पछि अर्कोमा पानी खोल्ने ।<br>५ यो तरिका रायो चमसुर, प्याज, लसुन, पालुङ्गो मा गर्ने ।<br>६ ड्याङ्गमा लगाइएका बालीहरू आलु, काउली, बन्दा गोलभेडा, खुर्सानीमा दुई ड्याङ्गको वीचमा सिंचाई गर्ने ।<br>७ पहाडमा पहिले माथिल्लो गरामा पानी लगाई सकेपछि तल्लोमा पानी छोडने ।<br>८ सिँचाइ गरिसकेपछि बढी पानी खोलेर तर्काउने ।<br>९ प्रयोग भएका सम्पूर्ण उपकरण तथा सामाग्रीहरुलाई राम्रो संग सफा गरी भण्डारण गर्ने । | **<u>दिइएको अवस्था(Given):</u>**<br>औजार तथा सामाग्री -कुटो, कोदालो, कोदाली, प्रशस्त पानीको स्रोत र खेत सम्मको कुलो र निकास ब्यवस्था भएको कार्यस्थल ।<br><br>**<u>निर्दिष्ट कार्य (Task):</u>**<br>कुलो/पैनीबाट सिंचाई गर्ने ।<br><br>**<u>मापदण्ड(Standard):</u>**<br>• कुलोमा बग्ने पानी प्रतिबन्धित बिषाक्त पदार्थ वा साबुन नमिसिएको ।<br>• गराको सबैतिर भिज्ने गरी सिंचाई गरिएको ।<br>• सिंचाई पछि बढी भएको पानी निकास गरिएको । | **<u>कुलो/पैनी सिंचाई</u>**<br>• परिचय<br>• बिरुवाको उमेर अवस्था अनुसार सिँचाई गर्ने तरिका, मात्रा र समयान्तर<br>• निकासको महत्व र तरिका |

### औजार, उपकरण र सामाग्रीहरुः

कुटो, कोदालो, कोदाली, प्रशस्त पानीको स्रोत र खेत सम्मको कुलो र निकास ब्यवस्था हजारी, पन्जा गम्वुट तथा पानी ।

### सुरक्षा तथा सावधानी

- व्यक्तिगत सुरक्षा सामग्रीहरु प्रयोग गर्ने ।
- औजार उपकरणहरुप्रयोग गर्दा सावधानी अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : ०.५ घण्टा

प्रयोगात्मक : १.५ घण्टा

कूल समय :२ घण्टा

**निर्दिष्ट कार्य (Task): ४ पाइपबाट सिंचाई गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ आवश्यक औजार, उपकरण तथा सामाग्री संकलन गर्ने ।<br>२ जग्गाको नाप लिने ।<br>३ जमीनको चिस्यानको मात्रा कम भएको एकिन गर्ने ।<br>४ पानीको मुहानमा अथवा पानी भएको ड्रममा पाइप लगाउने ।<br>५ सोही पाइपको अर्को भाग विरुवा भएको ठाउँमा लगाउने ।<br>६ विभिन्न तरिकाहरुरिङ, बेसिन, सतह सिंचाई, कुलेसो (Ring, basin, Flooding, Furrows) को प्रयोग गरी विरुवासम्म पानी सिँचाइ गर्ने ।<br>७ सबैठाउं भिजेपछि पानीको मात्रा पुगेको यकिन गर्ने ।<br>८ उपयोग पछि औजार सामाग्री सफा गरि उचित स्थानमा भण्डारण गर्ने | **<u>दिइएको अवस्था(Given):</u>**<br>औजार तथा सामाग्री -कुटो, कोदालो, कोदाली, प्रशस्त पानीको श्रोत र खेत सम्म पुग्ने पाइप र विरुवा भएको जमीन र निकास ब्यवस्था भएको कार्यस्थल ।<br><br>**<u>निर्दिष्ट कार्य (Task):</u>**<br>पाइपबाट सिंचाइ गर्ने ।<br><br>**<u>मापदण्ड(Standard):</u>**<br>● पानीको श्रोतबाट वोटविरुवाहरु सम्म सुरक्षित रुपमा पाइप लगिएको ।<br>● वोटविरुवाहरुमा भिज्ने गरी सिंचिएको ।<br>● पानीको कारणले बिरुवा नढलेको ।<br>● जमीनको चिस्यानको मात्रा कम भएको एकिन गरी पानी दिइएको । | **<u>पाइप सिँचाइ प्रविधि</u>**<br>● परिचय<br>● जडान सामाग्री र बिधि<br>● पाइप सिँचाइ उपयुक्त हुने जमीनको छनोट<br>● माटोको चिस्यान र प्रकार<br>● जमीनको अवस्था र सिँचाइ तरिका |

**औजार, उपकरण र सामाग्री**

कुटो, कोदालो, कोदाली, प्रशस्त पानीको श्रोत पानीको धारा वा ट्याङ्की, पाइप, कुटो, गम्वुट, पन्जा, मास्क ।

**सुरक्षा र सावधानी**

- व्यक्तिगत सुरक्षा सामग्रीहरु प्रयोग गर्ने ।
- औजार उपकरणहरु प्रयोग गर्दा सावधानी अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : १.५ घण्टा
कूल समय :२ घण्टा

**निर्दिष्ट कार्य (Task):५ स्प्रिङकलर/ फोहोरा सिंचाइ गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ आवश्यक औजार तथा सामाग्री संकलन गर्ने।<br>२ स्प्रिङकलर/फोहोरा सिंचाइको ट्याङकीराख्न उच्च स्थान छनोट गर्ने ।<br>३ हावाको वेग र दिशालाई मध्यनजर गर्दै सिँचाइ गर्ने ।<br>४ पाइप जडान गर्दा स्प्रिङकलर/फोहोरा जडान भएको पाइपको पानी फ्याँक्ने भाग (Emitter) लाई सिँचाइ गर्ने ठाउँमा राख्ने ।<br>५ स्प्रिङकलरलाई विरुवाको सवैतिर पानी बराबर पुग्ने गरी राख्ने ।<br>६ दिउंसोको घामको समय छलेर बेलुकिपख मात्र सिंचाइ गर्ने ।<br>७ पाइपको पानी फ्याक्ने भाग (Emitter) भएको भागलाई जमीनको सिँचाइ आवश्यकता हेरी स्थानान्तरण गर्ने ।<br>८ जडानमा प्रयोग गरिएका औजार तथा सामाग्री सरसफाई गरीभण्डारण गर्ने । | **दिइएको अवस्था(Given):**<br>पानीको मुल स्रोत नजिक भएको तथा आवश्यक सम्पूर्ण सामाग्री सहितको सिँचाइ गर्नुपर्ने जमीन ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>स्प्रिङकलर/ फोहोरा सिंचाइ गर्ने ।<br><br>**मापदण्ड(Standard):**<br>● सवै विरुवा सम्म पुग्ने गरि उचित स्थानमा स्प्रिङ्कलर जडान गरिएको ।<br>● चर्कोघाम लागेको समयमा सिँचाइ नगरिएको ।<br>● हावाको वेग र दिशालाई मध्यनजर गर्दै पाइप स्थानान्तरण गरी सिँचाइ गरिएको ।<br>● पानीको धारो वा ट्याङ्की प्रेसर पुग्ने गरी उच्च स्थानमा जडान गरिएको । | **फोहोरा सिँचाई**<br>● परिचय<br>● जडान बिधि र प्रयोग ।<br>● स्प्रिङ्कलर सिंचाइ प्रविधि, समय र स्थान ।<br>● फोहोरा सिँचाइका जडान सामाग्री र बिधि । |

**औजार, उपकरण र सामाग्री**

स्प्रिङक्लर, पाइप, धारा वा ट्याङ्की कुटो गम्वुट, पन्जा, मास्क ।

**सुरुक्षा र सावधानी**

- व्यक्तिगत सुरक्षा सामग्रीहरु प्रयोग गर्ने ।
- औजार उपकरणहरु प्रयोग गर्दा सावधानी अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : ०.५ घण्टा
प्रयोगात्मक : १.५ घण्टा
कूल समय :२ घण्टा

**निर्दिष्ट कार्य (Task): ६ थोपा सिंचाई गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ आवश्यक सामाग्री र औजार, उपकरण तथा सामाग्री संकलन गर्ने ।<br>२ पानी र प्राङ्गारिक/रासायनिक खाद्यतत्व राख्ने ट्याङ्कीलाई उच्च स्थानमा राख्ने ।<br>३ लगाइएको विरुवाको संख्या र दुरी अनुसार पाइपमा प्वालहरु बनाउने ।<br>४ प्वाल वनाइएका पाइपहरु जमीनमा विछयाई त्यसको एक छेउ, कम्प्रेसर हुदै ट्याङ्कीसम्म पुऱ्याइ जडान गर्ने ।<br>५ मौशम तथा माटामा चिस्यानको मात्रा ५० प्रतिशतभन्दा कम भएमा पानी र खाद्यतत्व सहितको ट्याङकीको मेन भल्भ खोली पानी वितरण गर्ने ।<br>६ ट्याङ्कीमा पानी तथा खाद्यतत्वको पर्याप्त मात्रा भए नभएको हेर्ने ।<br>७ विरुवाको जरासम्म पानी पुगे नपुगेको हेर्ने ।<br>८ सामाग्रीहरु सुरक्षित साथ भण्डारण गर्ने । | **<u>दिइएको अवस्था(Given):</u>**<br>पानीको मुल स्रोत नजिक भएको तथा आवश्यक सम्पूर्ण सामाग्री सहितको सिँचाइ गर्नुपर्ने जमीन ।<br><br>**<u>निर्दिष्ट कार्य (Task):</u>**<br>थोपा सिंचाई (Drip Irrigation)गर्ने ।<br>**<u>मापदण्ड(Standard):</u>**<br>• पानी र प्राङ्गारिक खाद्यतत्व राख्ने ट्याङ्की उच्च स्थानमा राखिएको ।<br>• विरुवाको दूरी अनुसार पाइपमा प्वाल वनाइएको ।<br>• पाइपको प्वालवाट प्रणाली अनुरुप पानी, वितरण भएको<br>• पानी तथा खाद्यतत्वलाई ट्याङ्कीमा सिफारिस मात्रामा मिलाइ राखिएको ।<br>• पाइपको प्वालहरु एकै नाशको भएको । | **<u>थोपा सिँचाइ प्रविधि</u>**<br>• परिचय<br>• स्थान छनोट बिधि<br>• विरुवाहरुको दूरी मापन<br>• थोपा सिँचाइका औजार र जडान बिधि<br>• सिँचाइ तथा खाद्यतत्व परिचय र प्रयोग |

**औजार, उपकरण र सामग्री :**

पानी ट्याङ्की, खाद्य ट्याङ्की, कम्प्रेसर सप्लाइ पाइप, V-shape कनेक्टर, प्वाल वनाउने किला तथा पानी तान्ने मोटर, पानी टेप, रिन्ची, टुल बक्स ।

**सुरक्षा र सावधानी :**

- व्यक्तिगत सुरक्षा सामग्रीहरु प्रयोग गर्ने ।
- औजार उपकरणहरु प्रयोग गर्दा सावधानी अपनाउने ।

## सव मोड्यूल ५.५ एकीकृत रोगकिरा व्यवस्थापन

समय : ६ घण्टा (सै) + ३० घण्टा (व्या) = ३६ घण्टा

**वर्णन:**

यस मोड्यूलमा एकीकृत रोगकिरा व्यवस्थापन गर्ने कार्यसंग सम्बन्धित ज्ञान र सीपहरू समावेश गरिएका छन् ।

**उद्येश्य:**

यस सव मोड्यूलमा प्रशिक्षार्थीहरु निम्न कार्य गर्न सक्षम हुनेछन्:

- तरकारी बालीका एकीकृत रोगकिरा व्यवस्थापन गर्न ।

**कार्यहरू:**

१ रोगकिराको पहिचान गर्ने ।
२ रोगकिराहरुको भौतिक विधिवाट नियन्त्रण गर्ने ।
३ जैविक विषादीको प्रयोग गर्ने ।
४ ढुशिजन्य रोग नियन्त्रणको लागि वोर्डो मिश्रण बनाउने र प्रयोग गर्ने ।
५ रोग किरा नियन्त्रणको लागि रासायनिक विषादीको प्रयोग गर्ने ।
६ रासायनिक विषादीको सुरक्षित प्रयोग गर्ने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ५ घण्टा
कूल समय : ६ घण्टा

**निर्दिष्ट कार्य १: रोगकिराको पहिचान गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ आवश्यक सामाग्रीः औजार, उपकरण संकलन गर्ने ।<br>२ तरकारी बालीमा लाग्ने मित्रुजिव र शत्रुजिवका विशेषता टिपोट गर्ने ।<br>३ बाली विरुवामा लाग्ने मित्रुजिव किराहरुको पहिचान गर्ने ।<br>४ बाली बिरुवामा लाग्ने शत्रुजिव किराहरुको पहिचान गर्ने ।<br>५ बालीमा लाग्ने मुख्य मुख्य रोगहरु र तिनको लक्षण टिपोट गर्ने ।<br>६ बाली विरुवामा लाग्ने रोगहरुको पहिचान गर्ने ।<br>७ प्रयोग भएका औजार उपकरण सफा गरी भण्डारण गर्ने । | **दिइएको अवस्था(Given):**<br>आवश्यक सामाग्री, औजार-उपकरण सहितको तरकारी बाली लगाइएको जमीन ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>रोगकिराको पहिचान गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>• तरकारी बालीमा लाग्ने मित्रुजिव किराहरुको पहिचान भएको ।<br>• तरकारी बालीमा लाग्ने शत्रुजिव किराहरुको पहिचान भएको ।<br>• तरकारी बालीमा लाग्ने रोगहरुको पहिचान भएको । | **रोगकिरा**<br>• शत्रुजिव परिचय ।<br>• एकिकृत शत्रुजिव व्यवस्थापनको महत्व<br>• तरकारी बालीमा लाग्ने मित्रुजिव र शत्रुजिव किराहरु नाम र विशेषता ।<br>• तरकारी बालीमा मित्रुजिव उपयोगिता ।<br>• शत्रुजिव किराहरुबाट हुने नोक्सानी ।<br>• तरकारी बालीमा लाग्ने मुख्य मुख्य रोगहरु र तिनको लक्षण । |

**औजार उपकरण र सामाग्रीः**

किरा समात्ने जाली, हाते लेन्स, चक्कु, प्लाष्टिक झोला, नमुना राख्ने वट्टा, रोग र किराको नमुना, तरकारी बालीको वोट र सुरक्षा सम्वन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, जुत्ता आदी) ।

**सुरक्षा र सावधानीः**

- औजारहरु प्रयोग गर्दा विशेष सावधानी अपनाउनुपर्दछ ।
- सुरक्षा सम्वन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, जुत्ता प्रयोग गर्ने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ५ घण्टा
कूल समय : ६ घण्टा

**निर्दिष्ट कार्य :२ रोगकिराहरुको भौतिक विधिवाट नियन्त्रण गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ आवश्यक सामाग्री औजार, सामाग्री र उपकरण संकलन गर्ने ।<br>२ तरकारी बालीमा लाग्ने रोग तथा किराहरुको क्षति र संख्या अवलोकन गर्ने ।<br>३ तरकारी बालीमा रोग तथा किरा लागेका भागहरु हटाउने ।<br>४ सरसफाई गर्ने ।<br>५ शत्रुजिव नियन्त्रण गर्नको लागि पासोको छनौट गरी खेतवारीमा राख्ने ।<br>६ संकलन गरिएका फुल, लार्भा, प्युपा र वयस्क किरा थिचेर/पिटेर/पानीमा डुबाएर/मट्टितेल छर्केर मार्ने ।<br>७ वोट विरुवाको रोग तथा किरा लागेका भागहरु र अन्य अनावश्यक वस्तुहरु नष्ट गर्ने ।<br>८ प्रयोग भएका औजार उपकरण सफा गरी भण्डारण गर्ने । | **दिइएको अवस्था(Given):**<br>आवश्यक सामाग्री, औजार-उपकरण सहितको तरकारी बाली लगाइएको जमीन ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>रोगकिराहरुको भौतिक विधिवाट नियन्त्रण गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>● तरकारी बालीमा लाग्ने रोग किराहरुको क्षतिको अवस्था आंकलन भएको ।<br>● किरा नियन्त्रण गर्न पासो प्रयोग भएको ।<br>● संकलन गरिएको किरा तथा तिनको अवशेष, वोट बिरुवाको रोगी भागहरु र अन्य अनावश्यक वस्तुहरु नष्ट गरिएको । | **भौतिक विधि**<br>● परिचय<br>● प्रकार<br>● रोग तथा किराहरुको क्षतिको पहिचान बिधि<br>● बालीमा लाग्ने किराहरु र तिनको लागि प्रयोग हुने पासो परिचय र प्रकार<br>● किरा तथा तिनको अवशेष, र अनावश्यक वस्तुहरुको व्यवस्थापन विधि । |

**औजार उपकरण र सामाग्रीः**

किरा समात्ने जाली, हाते लेन्स, तरकारी बालीको वोट, किरा समात्ने पासोहरु, वाल्टी, पानी, कोदालो, सुरक्षा सम्वन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, जुत्ता आदी) ।

**सुरक्षा र सावधानीः**

- औजारहरु प्रयोग गर्दा विशेष सावधानी अपनाउने ।
- बत्तिको पासो प्रयोग गर्दा बिद्युत सम्बन्धी सुरक्षा सावधानी अपनाउने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ५ घण्टा
कूल समय : ६ घण्टा

**निर्दिष्ट कार्यः** ३. **तरकारी बालीमा जैविक विषादीको प्रयोग गर्ने ।**

| **कार्य चरणहरु (Steps)** | **प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
|---|---|---|
| १ आवश्यक औजार, उपकरण र सामाग्री संकलन गर्ने ।<br>२ तरकारी वालीमा लाग्ने रोग तथा किराहरुको क्षति र संख्या अवलोकन गर्ने ।<br>३ सिफारिस गरिएको जैविक विषादीको छनौट गर्ने ।<br>४ नेपाल सरकारवाट मान्यता प्राप्त आधिकारिक स्थानवाट जैविक विषादी खरिद गर्ने ।<br>५ विषादीको प्याकेट वा बोटलमा दिईएको जानकारी अनुसार विषादीको घोल वा प्रकार तयार गर्ने ।<br>६ तयारी जैविक विषादीलाई सुरक्षित तवरले रोग लागेको भागमा छकर्ने ।<br>७ प्रयोगपछि औजार उपकरणहरु सफा गरी भण्डारण गर्ने । | **दिइएको अवस्था(Given):**<br>आवश्यक सामाग्री औजार उपकरण तरकारीको रोगी वोट विरुवा भैरहेको स्थल ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>तरकारी वालीमा जैविक विषादीको प्रयोग गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>● तरकारी वालीमा लाग्ने रोगको क्षतिको अवस्था पहिचान भएको ।<br>● तरकारी वालीमा लाग्ने रोगको आधारमा जैविक विषादीको छनौट भएको ।<br>● सिफारीस मात्रा र परिमाणमा विषादीको घोल वा प्रकार तयार भएको ।<br>● जैविक विषादीको सुरक्षित प्रयोग भएको । | **जैविक विषादी**<br>● परिचय, प्रकार र महत्व ।<br>● रोग तथा किराहरुको क्षतिको विशेषता/प्रकृति ।<br>● जैविक विषादीहरुको प्रयोग गर्ने विधि, समय र तिनको असर ।<br>● जैविक विषादीहरुको सुरक्षित प्रयोग बिधि । |

**औजार उपकरण र सामाग्री**

लेवल वा ट्याग सहितको जैविक विषादीको प्याकेट, रोगी वोटविरुवा, पानी, स्प्रेयर, लिटर र मिलिलिटर नाप्ने भाडाहरु, सुरक्षा सम्वन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी ,जुत्ता आदी) ।

**सुरक्षा र सावधानी**

- औजारहरु प्रयोग गर्दा विषेश सावधानी अपनाउने ।
- विषादीको असरवाट वच्नको लागि विषादी छर्ने र क्रियाकलापमा सहभागी हुने सवैले विशेष सुरक्षा सावधानी अपनाउने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ५ घण्टा
कूल समय : ६ घण्टा

**निर्दिष्ट कार्यः** ४. **ढुशिजन्य रोग नियन्त्रणको लागि वोर्डो मिश्रण वनाउने र प्रयोग गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ आवश्यक सामाग्री औजार, सामाग्री र उपकरण संकलन गर्ने ।<br>२ १०० ग्राम चुनाको धुलो ५ लिटर पानीमा घोल्ने ।<br>३ पानीमा र निलोतुथोको मसिनो १०० ग्राम धुलो ५ लिटर पानीमा घोल्ने ।<br>४ यसरी वनाईएको चुनाको घोल र निलोतुथोको घोल तेस्रो प्लाष्टिकको भाडोमा एकैसाथ मिसिने गरी खन्याउने ।<br>५ यसरी वनेको मिश्रणमा फलामको किला ५ मिनेट डुवाउने ।<br>६ उक्त फलामको किलाको रंग परिवर्तन भएन भने मिश्रण तयार भएको यकिन गर्ने ।<br>७ फलामको किलामा खिया लाग्यो भने थप चुना मिसाई परिक्षण गर्दै जाने ।<br>८ तयारी घोललाई प्लाष्टिकको स्प्रेयर प्रयोग गरी २४ घण्टा भित्र रोग लागेको बालीमा छर्ने ।<br>९ प्रयोगपछि औजार उपकरणहरु सफा गरी भण्डारण गर्ने । | **दिइएको अवस्था(Given):**<br>आवश्यक सामाग्री औजार उपकरण।<br>तरकारी खेती भैरहेको स्थल ।<br>तरकारीको रोगी वोट विरुवा ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>ढुशिजन्य रोग नियन्त्रणको लागि वोर्डो मिश्रण वनाउने र प्रयोग गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>● १: १: १०० परिमाणमा निलोतुथो, चूना र पानीको घोल तयार भएको ।<br>● घोललाई प्लाष्टिकको स्प्रेयर प्रयोग गरी २४ घण्टा भित्र छरिएको ।<br>● रोग वोर्डो मिश्रणको सुरक्षित प्रयोग भएको । | **वोर्डो मिश्रण**<br>● परिचय र महत्व ।<br>● बोर्डो मिश्रणबाट नियन्त्रण हुने रोगहरु ।<br>● वोर्डो मिश्रण वनाउने विधि<br>● वोर्डो मिश्रण प्रयोग गर्ने विधि समय र तिनको असर ।<br>● वोर्डो मिश्रणको सुरक्षित प्रयोग |

**औजार उपकरण र सामाग्री**

ढुसी जन्य रोग लागेको वोटविरुवा, पानी, कपर सल्फेट, हाईड्रेटेड चुना, फलामको किला, प्लाष्टिक, वाल्टीहरु, स्प्रेयर ,डिजिटल तराजू लिटर र मिलिलिटर नाप्ने भाडाहरु, सुरक्षा सम्बन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, जुत्ता ) ।

**सुरक्षा र सावधानी**

- औजारहरु प्रयोग गर्दा विषेश सावधानी अपनाउने ।
- वोर्डो मिश्रणको असरवाट वच्नको लागि विषादी छर्ने र क्रियाकलापमा सहभागी हुने सवैले विशेष सुरक्षा सावधानी अपनाउने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ५ घण्टा
कूल समय : ६ घण्टा

**निर्दिष्ट कार्य: ५. रोग किरा नियन्त्रणको लागि रासायनिक विषादीको प्रयोग गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ आवश्यक सामाग्री औजार, सामाग्री र उपकरण संकलन गर्ने ।<br>२ तरकारी वालीमा लाग्ने रोग तथा किराहरुको क्षति र संख्या अवलोकन गर्ने ।<br>३ सिफारीस गरिएको रसायनिक विषादीको छनौट गर्ने ।<br>४ नेपाल सरकारवाट मान्यता प्राप्त आधिकारीक स्थानवाट हरियो रगंको ट्याग भएको रासायनिक विषादी खरिद गर्ने ।<br>५ विषादीको प्याकेट वा वोटलमा दिईएको जानकारी अनुसार विषादीको घोल वा प्रकार तयार गर्ने ।<br>६ तयारी रासायनिक विषादीलाई सुरक्षित तवरले रोग लागेको बालीमा प्रयोग गर्ने । | **दिइएको अवस्था(Given):**<br>• आवश्यक सामाग्री औजार उपकरण ।<br>• तरकारी खेति भैरहेको स्थल ।<br>• तरकारीको रोगी वोट विरुवा ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>रोग किरा नियन्त्रणको लागि रसायनिक विषादीको प्रयोग गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>• तरकारी वालीमा लाग्ने रोगको क्षतिको अवस्था पहिचान भएको ।<br>• तरकारी वालीमा लाग्ने रोग तथा किराको आधारमा हरियो रंगको लेवल भएको विषादीको छनौट भएको ।<br>• तरकारी वालीमा प्रयोग गर्न सिफारीस मात्रा र आवश्यक परिमाणमा विषादीको घोल तयार भएको ।<br>• विषादीको सुरक्षित प्रयोग भएको । | **रासायनिक विषादी**<br>• परिचय र महत्व ।<br>• रोग तथा किराहरुको प्रकार र तिनीहरुले गर्ने क्षतिको पहिचान ।<br>• सुरक्षित विषादीहरु ।<br>• रसायनिक विषादीहरुको प्रयोग गर्ने विधि, समय र तिनको असर ।<br>• रासायनिक विषादीहरुको सुरक्षित प्रयोग । |

**औजार उपकरण र सामाग्री**

रोग तथा किरा लागेको वोटविरुवा, किटनाशक विषादी, रोग नियन्त्रण गर्ने विषादी, पानी, स्प्रेयर, लिटर र मिलिलिटर नाप्ने भाडाहरु, सुरक्षा सम्वन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, जुत्ता आदी) ।

**सुरक्षा र सावधानी**

- औजारहरु प्रयोग गर्दा विषेश सावधानी अपनाउने ।
- रसायनिक विषादीको असरवाट वच्नको लागि विषादी छर्ने क्रियाकलापमा सहभागी हुने सवैले विशेष सुरक्षा सावधानी अपनाउने ।

## कार्य विश्लेषण

सैद्धान्तिक : १ घण्टा
व्यावहारिक : ५ घण्टा
कूल समय : ६ घण्टा

**निर्दिष्ट कार्यः** ६. **रासायनिक विषादीको सुरक्षित प्रयोग गर्ने ।**

| कार्य चरणहरु (Steps) | प्राविधिक कृयाकलापका उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ आवश्यक सामाग्री औजार र उपकरण संकलन गर्ने ।<br>२ विषादी छर्दा प्रयोग गरिने उपकरणहरुको परीक्षण गर्ने ।<br>३ नेपाल सरकारवाट मान्यता प्राप्त आधिकारीक स्थानवाट हरियो रगंको ट्याग भएको रसायनिक विषादी खरिद गर्ने ।<br>४ विषादीको प्याकेट वा वोटलमा दिईएको जानकारी अनुसार विषादीको घोल वा प्रकार तयार गर्ने ।<br>५ विषादी हावा नलागेको समयमा छर्ने ।<br>६ विषादी छर्दा मानव शरिरको सम्पर्कमा विषादी नपर्ने गरी सुरक्षाका उपायहरु अपनाउने ।<br>७ विषदि छरिसकेपछि रहेको अवशेष सुरक्षित स्थानमा विसर्जन गर्ने ।<br>८ विषादी छर्ने र तरकारी टिप्ने क्रियाकलाप विच कम्तिमा एक हप्ताको अवधि कायम गर्ने ।<br>९ विषादी प्रयोग गरिसकेपछि सम्पुर्ण सामाग्री औजार उपकरणहरु सफा गरी सुरक्षित तवरले थन्क्याउने । | **दिइएको अवस्था(Given):**<br>आवश्यक सामाग्री औजार उपकरण।<br>तरकारी खेति भैरहेको स्थल ।<br>तरकारीको रोगी वोट विरुवा ।<br><br>**निर्दिष्ट कार्य (Task):**<br>रासायनिक विषादीको सुरक्षित प्रयोग गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>● तरकारी वालीमा लाग्ने रोग तथा किराको आधारमा हरियो रंगको लेवल भएको विषादीको छनौट भएको ।<br>● सिफारिस मात्रा र परिमाणमा सुरक्षित विषादी प्रयोग भएको ।<br>● रसायनिक विषादी प्रयोग गर्दा प्रयोगकर्ता र उपभोक्ता लक्षित सावधानीका उपायहरु अपनाईएको। | **रसायनिक विषादीहरुको प्रयोग गर्ने विधि**,<br>● समय र तिनको असर ।<br>● रसायनिक विषादीहरुको सुरक्षित प्रयोगका उपायहरु ।<br>● रसायनिक विषादीको असरवाट मानव स्वास्थ्यमा तत्काल देखा पर्ने लक्षणहरु र प्राथमिक उपचार । |

**औजार उपकरण र सामाग्री**

रोग तथा किरा लागेको वोटविरुवा, किटनाशक विषादी, रोग नियन्त्रण गर्ने विषादी, पानी, स्प्रेयर, लिटर र मिलिलिटर नाप्ने भाडाहरु, सुरक्षा सम्वन्धी सामाग्रीहरु (चस्मा, पन्जा, मास्क, टोपी, जुत्ता ) ।

**सुरक्षा र सावधानी**

- औजारहरु प्रयोग गर्दा विषेश सावधानी अपनाउने ।

## सब मोड्यूलः ५.६ बाली टिपाई

| समय : ४ घण्टा (सै) + २० घण्टा (व्या) = २४ घण्टा |
|---|
| **वर्णन:**<br>यस मोड्यूलमा बाली टिप्ने वा लिने कार्यसंग सम्बन्धित ज्ञान र सीपहरू समावेश गरिएका छन् ।<br>**उद्येश्य:**<br>यस सब मोड्यूलमा प्रशिक्षार्थीहरु निम्न कार्य गर्न सक्षम हुनेछन्:<br><br>• बेमौशमी बाली टिपाई गर्न ।<br>**कार्यहरू:**<br>१ सागबाली समूह टिप्ने ।<br>२ कोशेबाली समूह टिप्ने ।<br>३ लहरे समूहका बाली टिप्ने ।<br>४ जरे समूहका बाली उखेल्ने ।<br>५ गानो समूहका बाली लिने ।<br>६ टुसा समूहका बाली काट्ने ।<br>७ फल समूहका बाली टिप्ने ।<br>८ काउली समूहका बाली टिप्ने । |

## कार्य विश्लेषण (Task Analysis)

सैद्धान्तिक : ०.५ घण्टा
व्यवहारिक : २.५ घण्टा
कूल समय : ३ घण्टा

निर्दिष्ट कार्य १: सागबाली समूहका बाली टिप्ने ।

